
ISSN 2362-129X

# नवप्रज्ञापन



पाइला ३३ औं वर्षमा

११

## कविता विशेष

दोस्रो भाग

# सुरक्षित भविष्यका लागि नागरिक लगानी कोषको कर्मचारी बचत बृद्धि अवकास कोषमा सहभागी होऔं ।

**यस कार्यक्रमका विशेषता**

- कार्यक्रममा निजामती कर्मचारी वा सरकारी/अर्धसरकारी वा प्रचलित कानुन बमोजिम स्थापित गैरसरकारी संगठित संस्थामा कार्यरत कर्मचारीहरूसहभागी हुन सक्ने ।
- कोषका सहभागीहरूलाई वचत सुरु गरेको एक आर्थिक वर्ष (३६५ दिन) पछि बचत रकमको ९० प्रतिशतसम्म सापटी सुविधा ।
- सहभागीहरूलाई निजी आवासीय घर निर्माण, घर खरिद, फ्ल्याट खरिदका लागि घर जग्गा धितोमा एक करोड रूपैयाँसम्मको आवास कर्जा तथा जग्गा खरिदका लागि पचहत्तर लाख रूपैयाँसम्मको कर्जा सुविधा ।
- श्रीमान्/श्रीमती दुवै कोषमा सहभागी भएमा एक करोड पचास लाख रूपैयाँसम्मको आवास कर्जा सुविधा ।
- सहभागीहरूलाई घर मर्मत/पुनसंरचना/पुनर्तालिकीकरण र घर सजावटका लागि धितोमा अधिकतम पच्चीस लाख रुपैयाँसम्मको कर्जा सुविधा ।
- सहभागीहरूलाई आर्थिक, सामाजिक, सांस्कृतिक र पारिवारिक प्रकृतिका भइपरिआउने कार्यका लागि घर जग्गा धितोमा पचास लाख रूपैयाँसम्मको सरल कर्जा सुविधा ।
- सहभागीहरूको जम्मा बचत रकममा ब्याज र थप प्रतिफल पाइने ।
- सहभागी बचतकर्ताको दुर्घटना भई मृत्यु भएमा एक लाख रूपैयाँसम्मको विपद् सहुलियतको व्यवस्था । आयकर नियमावली २०५९ (पन्ध्रौं संशोधन) अनुसार वार्षिक पाँच लाख रूपैयाँ वा निर्धारण योग्य आयको एक तिहाइमा जुन घटी हुन्छ, सो रकमसम्म कर छुट ।

**विस्तृत जानकारीका लागि :**
**कोषको वेबसाइट www.nlk.org.np मा हेर्नु हुन**
**टेलिफोन नम्बर ०१-५९७०२०१ मा सम्पर्क गर्नु हुन ।**

**नागरिक लगानी कोष**
केन्द्रीय कार्यालय
नयाँ बानेश्वर, काठमाडौं ।



# नवप्रज्ञापन

पूर्णाङ्क : १११, माघ-चैत्र २०८२

(वि.सं. २०५० सालदेखि निरन्तर प्रकाशित)



**सम्पादक/प्रकाशक**
नवराज रिजाल

**अतिथि सम्पादक**
डा. रमेश शुभेच्छु

**सह-सम्पादक**
प्रमोद पाण्डे

**प्रबन्ध-सम्पादक**
गणेशराज रिजाल

**आवरण**
रामकृष्ण भण्डारी

**लेआउट**
डीएन्डडी कम्प्युटर
सूर्यविनायक, भक्तपुर

**मुद्रण**
एपीएस प्रिन्टिङ प्रेस
अनामनगर, काठमाडौँ

**सहयात्री**
राममणि दुवाडी
वासुदेव अधिकारी
प्रा.डा. ध्रुवकुमार घिमिरे
डा. विश्वम्बरकुमार शर्मा
गोपाल अश्क
राममणि ढुङ्गेल
वसन्त रिजाल
रामप्रसाद अधिकारी
जनार्दन खनाल
डा. टीकाराम उदासी
जंगबहादुर यादव
रामधारी यादव
सुनिल कुमार
मधुसूदन चौधरी
राजु अधिकारी
शरद प्रधान
डा. छायादत्त न्यौपाने
डा.पुष्कर राज भट्ट
बद्रीप्रसाद ढकाल
गगनदीप सर्व
भीम खकुरेल
मोतीराज बम



मूल्य : १००/-



कार्यालयः स्वाभिमानवस्ती जीतपुर-सिमरा उपमहानगरपालिका-१६, बारा, मधेस प्रदेश, नेपाल
सम्पर्क : ९८५११३८६२४ (काठमाडौं), ९८५५०२४९५५ (बारा)
e-mail : nabapragyapan@gmail.com, website: nabapragyapan.com.np

## नवप्रज्ञापन सभा

१. माया ठकुरी, ललितपुर २. विश्वराज अधिकारी, पर्सा ३. रुकु कार्की, मकवानपुर, ४. रामप्रसाद अधिकारी, बारा ५. प्रा.डा. ध्रुवकुमार घिमिरे, बारा ६. वीणा पोखरेल, मकवानपुर, ७.कमल अधिकारी, काभ्रे ८. ललिता दोषी, काठमाडौँ, ९. डा. सुषमा आचार्य, ललितपुर १०. रवीन्द्र रिजाल, बारा ११. भद्रकुमारी घले, काठमाडौँ १२. हरिप्रसाद पाण्डेय, काठमाडौँ १३. वासुदेव अधिकारी, धादिङ १४. दीपेन्द्रसिंह थापा, धादिङ १५. ईशा शाह, काठमाडौँ, १६. भगीरथ मिश्र, झापा १७. लक्ष्मी शर्मा, काठमाडौं १८. शर्मिला खड्का दाहाल, सुनसरी, १९. अनन्तप्रसाद वाग्ले, काभ्रे २०. छविरमण सिलवाल, काभ्रे २१. अर्जुन पाण्डे, धादिङ २२. कार्तिकेय घिमिरे, सर्लाही २३. पाण्डवराज कार्की, मकवानपुर २४. राजनप्रसाद सिलवाल, धादिङ २५. गंगा कर्माचार्य पौडेल, काठमाडौँ २६. वासुदेव श्रेष्ठ, धादिङ, २७. केशव रुपाखेती, धादिङ, २८. निमायादेवी कायस्थ, तनहूँ २९. बाबुरामप्रसाद पौडेल, रौतहट ३०. तारा अनुरागी, झापा ३१. प्रा.डा. कृष्णप्रसाद घिमिरे, अर्घाखाँची ३२. रमेशमोहन अधिकारी, रौतहट ३३. यशु श्रेष्ठ, रौतहट ३४. गणेशराज रिजाल, बारा, ३५. विद्याप्रसाद घिमिरे, काठमाडौँ ३६. बाबुराम लम्साल, तनहूँ ३७. प्रा.डा. कपिल लामिछाने, रुपन्देही ३८. तेजप्रकाश श्रेष्ठ, काठमाडौँ ३९. भक्त कार्की, स्यागदी ४०. दीपबहादुर केसी, कपिलवस्तु ४१. राममणि पोखरेल, उदयपुर, ४२. सौरभकिरण श्रेष्ठ, काठमाडौँ ४३. खगप्रसाद अर्याल, धादिङ, ४४. नारायण क्षेत्री, बारा ४५. मञ्जु सेढाई, धादिङ ४६. रमेश समर्थन, रुपन्देही, ४७. रामकृष्ण काफ्ले, बारा ४८. कलानाथ अधिकारी स्मृतिप्रतिष्ठान, बारा ४९. शिवकुमार धिताल, धादिङ ५०. जयन्ती स्पन्दन, काठमाडौँ ५१. जनार्दन खनाल, मकवानपुर ५२. अच्यूत रिजाल, धादिङ ५३. पूर्णबहादुर थापा, धादिङ ५४. राम विनय, काठमाडौँ, ५५. भगवती अधिकारी, धादिङ ५६. घनश्याम अधिकारी, धादिङ ५७. प्रमोद प्रधान, मोरङ ५८. जय छाङ्छा, भोजपुर, ५९. प्रमोद पाण्डे, काभ्रे ६०. युद्ध न्यौपाने, धादिङ ६१. अच्यूत शर्मा, धादिङ ६२. सीताराम उप्रेती, झापा ६३. जीवनाथ ढकाल, धादिङ ६४. कृष्ण, खड्का, धादिङ ६५. प्रदीप प्रधान, रुपन्देही ६६. रश्मि असफल, झापा, ६७. समीर पाख्रिन, मकवानपुर ६८. प्रभात सापकोटा, काभ्रे ६९. विजय मैनाली, बारा ७०. बैकुण्ठ नेपाल, बारा ७१. ईश्वरराज लोहनी, धादिङ ७२. बगुवाखोला सा.सि. केन्द्र, स्यागदी ७३. मनदेवी तण्डुकार, ललितपुर ७४. डा. छायादत्त न्यौपाने, पर्वत ७५. दुर्गा रिमाल, काठमाडौँ ७६. भक्तबहादुर नेपाली, ललितपुर, ७७. खिमानन्द पोखरेल, गुल्मी, ७८. रञ्जुश्री पराजुली, काठमाडौँ, ७९. समन श्रेष्ठ, काठमाडौँ, ८०.गोपाल बराल काठमाडौं, ८१.भारद्वाज मित्र सिन्धुपाल्चोक, ८२.आरएम डंगोल नुवाकोट,८३. गोपाल अश्क, पर्सा, ८४. दिनेश गुप्ता पर्सा, ८५. हरिदेव खरेल बारा, ८६. हिर्दयनारायण चौधरी बारा, ८७. नवराज पुडासैनी, काठमाडौँ, ८८. डा. धनप्रसाद सुवेदी, खोटाङ, ८९. राममणि ढुंगेल, भक्तपुर, ९०. अमरकुमार प्रधान, दोलखा, ९१. जंगबहादुर यादव, बारा, ९२. सुदिपराज रिजाल, बारा, ९३. वसन्त रिजाल, काठमाडौँ, ९४.राधेश्याम सिवाकोटी, बारा, ९५. कलाधर काफ्ले, कास्की, ९६. हरिदत्त पाण्डेय, बैतडी, ९७. प्रतीक्षा रिजाल, बारा, ९८. शीतल गिरी रौतहट, ९९. इशहाक हुसेन, बारा, १००. श्याम रिमाल, नुवाकोट, १०१. सानुराजा अन्जान, काठमाडौं, १०२. रमेश कडेल, धादिङ, १०३. बलराम ढुंगाना, धादिङ, १०४. मुना काफ्ले सिन्धुली, १०५.डा. यादेवी ढकाल, खोटाङ, १०६. रामबहादुर पहाडी, काठमाडौँ, १०७. प्रतीत रिजाल, बारा, १०८. पुष्करराज भट्ट, कैलाली, १०९. विष्णुप्रसाद शर्मा पराजुली, पर्वत ।

# सम्पादकीय

आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधि सभा निर्वाचनका लागि उम्मेदवारले आआफ्ना क्षेत्रमा पुगेर मनोनयन दर्ता गराएका छन् । दावीविरोधको काम सकिएको छ । प्रत्यक्ष रूपमा १६५ क्षेत्रका उमेदवारहरू आम मतदाताबाट निर्वाचित भएर आएपछि समानुपातिकमा दलले प्राप्त गरेका मतका आधारमा विभिन्न क्षेत्र, वर्ग, लिङ्ग र समुदाय आदिबाट प्रतिनिधित्व हुने गरी ११० प्रतिनिधि छनोट हुनेछन् । छनोट पछि २७५ जनाको प्रतिनिधि सभा निर्माण हुनेछ । त्यही प्रतिनिधि सभाले जनताको विकास, निर्माण र सुशासनको आकाङ्क्षाप्रति प्रतिबद्धता जनाउँदै दर्बिलो सरकार बनाएर अगाडिको बाटो तय गर्नेछ ।


देश निर्वाचनमय भएको छ। दलका कार्यकर्ता आआफ्ना उम्मेदवारका पक्षमा मत मागिरहेछन् । घर दैलोमा पुग्ने सिलसिला सुरु भएको छ । मैले र मेरो राम्रो तथा तैँले र तेरो नराम्रोको तर्कवितर्क, बहस, परामर्श र छलफल हुन लागेका छन् । यी गतिविधि दिनप्रतिदिन बढ्दै जानुको अर्थ जनता निर्वाचनप्रति सचेत र सजग बन्दै गएको पुष्टि हुनु हो । यद्यपि जबसम्म मतदाता आफ्नो निर्णय आफैँ गर्दैनन् तबसम्म निर्वाचनको सार्थकता पुष्टि हुन चाहिँ अलि गाह्रै हुन्छ । तथापि निर्वाचनका सन्दर्भ टोल, छिमेक, चियापसल, चौतारी, गल्ली-गौँडा र बाटा-घाटामा छ्यापछ्याप्ती सुनिन लागेका छन् । सबैका आआफ्ना तर्क छन् । विचार छन् । विश्वास छन् । दृष्टिकोण छन् । मूल्य-मान्यता छन् । छनोटको आधार छन् । यी र यस्ता विषयमा प्रत्येक नागरिकले म र मेरो नभनेर हामी र हाम्रो भन्नु आवश्यक छ । यसो भनिए अगाडिको बाटो सहज-सरल हुने सम्भावना जान्दाजान्दै पनि हाम्रो ध्यान त्यता जान नसकिरहेको अवस्था छ ।

समाज वा समुदाय अलमलिएको, देश अप्ठेरोमा पुगेको, जनमानसमा नकारात्मक भाव बढ्न थालेको, विश्रृङ्खलित विचार हावी बन्दै गएको, न्याय किनबेच हुन थालेको वा बाँचेको वरिपरिको वातावरण धुमिल बन्न खोजेको अवस्थामा समाजका सचेत सदस्य, अगुवा, बुद्धिजीवी, अभियन्ता, प्रवुद्धवर्ग र पत्रकारहरूको समस्या समाधानका निम्ति अहं भूमिका हुन्छ । समस्या समाधानतिर नलागि स्वार्थ सिद्ध गर्नतिर लाग्ने अधिकार जिम्मेवार नागरिकलाई कुनै पनि अवस्थामा हुँदैन । जानेर वा बुझेर त्यो बाटोमा हिंड्न खोज्नेहरूलाई माथिको उपमाद्वारा विभूषित गर्न पनि सकिँदैन । उत्पन्न समस्या समाधानतिर अग्रसर बन्नु उनीहरूको विशेष कर्तव्य र नैतिक दायित्व दुवै हो । आम जनतालाई सही सूचना दिनु, असल बाटो देखाउनु, संयमित र मर्यादित बनाउँदै अगाडि उज्यालो भएको सूचना दिनु माथि सन्दर्भ कोट्याइएकाहरू सबैको कर्तव्य हो ।

निर्वाचन सम्पूर्ण समस्याहरूको समाधान नभएर एउटा नियमित प्रक्रिया हो । एक समयमा वा एउटा निश्चित अवधिमा निर्वाचन गरिन्छ । राजनैतिक दल वा स्वतन्त्र उमेदवारहरूले विचार, आदर्श र दर्शनका आधारमा मतदातासँग मत माग्छन् । मतदाताहरू पक्षविपक्षमा बाँडिएर आआफ्ना उमेदवारका पक्षमा मत माग्छन् । एक अर्काका विरुद्धमा आरोपप्रत्यारोपमा पनि लाग्ने गर्छन् । यस्तो अवस्थामा कार्यकर्ता र मतदाताले संयम् गुमाए अप्रिय घटना घट्ने सम्भावना प्रबल रहन्छ । त्यतिवेला अगुवा, बुद्धिजीवी, प्रवुद्धवर्ग, अभियन्ता, अधिकारकर्मी र पत्रकारहरूको अहं भूमिका हुन्छ । उनीहरूले होची अर्घेली छुट्याएर अगाडिको बाटो तय गरिदिन सक्छन् । यसकारण कुनै पनि दलको कार्यकर्ता वा प्रवक्ता नबनी देशको असल नागरिक बनेर पक्षमा काम गर्नु अति आवश्यक छ ।

हरेक मानिस दलको मतदातामात्र नभएर कार्यकर्ता वा प्रवक्ता पनि बन्न सक्छन् । यो नागरिक अधिकार हो र यस्तो अधिकार आम नागरिकमा हुन्छ । हामीलाई प्राप्त अधिकारलाई कसैले रोक्न-छेक्न सक्दैन । कसैले त्यसो गर्न खोजे विद्रोहको ज्वाला दन्कने प्रबल सम्भावना रहन्छ । हामी त्यो बाटोतिर जानु हुँदैन । जान चाहने त्यस्ता व्यक्तिहरूले माथिको उपमा नलिई बाटो खाली गरिदिँदा समाजले सही बाटो पहिचान गर्न सक्छ । यो ठूलो समस्या होइन । हामी हामी बनेर देश र देशको सार्वभौमसत्तालाई शिरमा राख्दै स्वपहिचान खोज्नतिर लागे यस्ता विषय सामान्य हुन् । समस्या आउँछन् र समाधान पनि हुन्छन् । हरेक समस्याका समाधान निस्केका छन् । समाधान नहुने त समस्या नै हुँदैन । हामी आफूले आफूलाई जान्न र बुझ्न नसकेका कारण समस्याका समाधान नभेटिएका हुन् ।

आआफ्ना दलका उमेद्वार जिताउने नाममा एक आपसमा गाली-गलौज, आरोप-प्रत्यारोप, रिष, घृणा, द्वेष र तिरस्कारको भाव फैलाउनु निन्दनीय काम हो । यस्ता कार्यले क्षणिक लाभ गरे पनि हामीबीचमा सदियौँदेखि कायम सामाजिक सद्भाव, एकता, भाइचारा, मेलमिलाप र सहयोगीपन धुमिल बनाउन सक्छ । यसर्थ जिम्मेवार सबै पक्षको ध्यान यता तानिनु आवश्यक छ । निर्वाचनका लागि देश र मतदाता दुवै चाहिन्छन् । निर्वाचनमा एउटा पक्षको हार र अर्को पक्षको जित पनि हुन्छ । एउटा निर्वाचनमा पराजय भोगेकाले अर्को निर्वाचनमा विजय हासिल गरेका कैयौँ उदाहरण छन् । यद्यपि भाँचिएको मन, टुटेको एकता, बिग्रिएको सद्भाव र खलबलिएको मेलमिलाप जोडिन चाहिँ अत्यन्तै कठिन हुन्छ । यसर्थ समाजका अगुवा, बुद्धिजीवी, प्रवुद्धवर्ग, अभियन्ता र पत्रकारहरू विभाजित वा विवादित बन्न हुँदैन । अन्त्यमा आइपुगेको छु । यस अङ्कका लागि डा. रमेश शुभेच्छुको विशेष साथ सहयोग छ । यसैगरी प्रा.डा. कपिल लामिछाने, बाबुराम पोखरेल र हेमराज अधिकारीलाई पनि सम्झन चाहन्छु । अर्को अङ्कमा भेट्ने वाचासहित विदा... ।





**बद्रीप्रसाद ढकाल**

काठमाडौँको चन्द्रागिरी नगरपालिका–२, चिसापानीमा जन्मेर दुई दशक बढी अध्यापन कर्ममा लाग्नु भएका **बद्रीप्रसाद ढकाल** यतिबेला सम्पादन, प्रकाशन र लेखनमा सक्रिय हुनुहुन्छ । 'साहित्यमा मृत्युचिन्तन', 'साहित्यमा संस्कृति', 'पूर्वीय दर्शन समुच्चय' र 'आधुनिक नेपाली कथामा मिथक' जस्ता चर्चित कृतिका सर्जक ढकालका अढाइ दर्जन बढी कृति प्रकाशित छन् । 'नवप्रज्ञापन' लाई विभिन्न किसिमले सहयोग गरिरहनु भएका उहाँ यही अङ्कदेखि विशिष्ट सदस्य बन्नुभएको छ । पत्रिकाको निरन्तरताप्रति चासो राखेर विशिष्ट सदस्य बन्नुभएकामा यहाँलाई हार्दिकता पूर्वक स्वागत छौँ ।

**नवप्रज्ञापन परिवार**



**वासुदेव अधिकारी**

धादिङको नीलकण्ठ नगरपालिका–६, नेवारपानीमा जन्मेर लामो समय राष्ट्र बैँड्क सेवामा समर्पित रहनु भएका **वासुदेव अधिकारी** लेखन, सम्पादन, प्रकाशन र सङ्गठन बिस्तारमा सक्रिय व्यक्तित्व हुनुहुन्छ । आधादर्जन बढी कृति प्रकाशित गराईसक्नु भएका उहाँका केही कृति प्रकाशोन्मुख छन् । 'आफन्तलाई सम्बोधन', 'गायब सभामुख' र 'बस्तीमा आगो' अधिकारीका चर्चित कृति हुन् । 'नवप्रज्ञापन' सँग धेरै अघिदेखि जोडिनु भएका उहाँ अहिले विशिष्ट सदस्य बन्नु भएको छ । पत्रिकाको निरन्तरताप्रति चासो राखेर विशिष्ट सदस्य बन्नु भएकामा यहाँलाई हार्दिकतापूर्वक स्वागत छौँ ।

**नवप्रज्ञापन परिवार**

**नवप्रज्ञापनले यात्रा प्रारम्भ गरेको ३३ वर्ष लाग्यो ।**
**देश विदेश जहाँ रहनु भएको भए पनि**
**के तपाईं नवप्रज्ञापन पढ्न चाहनुहुन्छ ?**
**यदि चाहनुहुन्छ भने तपाईंहरुको**
**सेवामा हाजिर छ ।**

# वेबसाइट :
# www.nabapragyapan.com.np

**पुराना अंकहरु पनि PDF मा उपलब्ध छ ।**

## नवप्रज्ञापन यी स्थानहरूबाट प्राप्त गर्न सकिन्छ :

- इशा बुक सेन्टर, शनिश्चरे मोड, विर्तामोड झापा ।
- मोडर्न बुक्स एण्ड स्टेशनरी, हिमालय रोड बिराटनगर ।
- झिगु पुस्तक पसल, बिरगञ्ज पर्सा ।
- श्रेष्ठ पत्रिका पसल कलैया, बारा ।
- भट्टराई स्टेशनरी सेन्टर डुमरवाना, बारा ।
- न्यूरोड पाको पिपलबोट काठमाडौं ।
- प्राज्ञिक बुक्स बागबजार, काठमाडौं ।
- भण्डारी बुक्स एण्ड स्टेशनरी बागबजार, काठमाडौं ।
- विद्यार्थी पुस्तक पसल, स्कुल रोड, हेटौंडा ।
- सिर्जना स्टेशनरी वालिङमोड, स्याङ्जा
- भैरहवा पुस्तक पसल, सिद्धार्थनगर-रुपन्देही ।
- मेधावी बुक कन्सर्न, घोराही दाङ ।
- भेरीबुक्स, बुद्धचोक नेपालगञ्ज बाँके ।
- नेहा पुस्तक पसल, विश्वविद्यालय रोड, कञ्चनपुर

# रचनाक्रम


- **हिजोका कविता**

– जगन्नाथ गुरागाइँ/९
– भानुभक्त आचार्य /११
– माधव घिमिरे/१३
– लेखनाथ पौड्याल/१५
– सिद्धिचरण श्रेष्ठ/१७

- **आजका कविता**

– इन्द्रनारायण सुवेदी/१९
– उत्तम विचार भेटुवाल/२०
– कलानिधि दाहाल/२१
– कल्पना अधिकारी भट्टराई/२३
– कर्मसही घर्तीमगर/२४
– कविराज घिमिरे पुछाराघरे/२५
– काशीनाथ मिश्रित/२६
– खगेन्द्र खोल्साघरे/२७
– खगेन्द्र दाहाल/२८
– खोलाघरे साहिँलो/२९
– गीता सापकोटा/३०
– छन्दमणि त्रिपाठी/३१
– छन्दिका त्रिपाठी/३२
– जगदीश्वर पोखरेल/३३
– जयनारायण भट्टराई/३४
– झाँक्रीखोले/३५
– टीका आत्रेय/३६
– टीका घिमिरे/३७
– ठाकुर शर्मा भण्डारी/३८
– डिल्लीराज अर्याल/४०
– देवु लुइटेल/४१
– देवेन्द्र खरेल/४२
– देवेन्द्र लम्साल/४३
– नुरज भट्टराई नदी/४४
– पुण्य चौंलागाइँ/४६
– प्रतिभा पौडेल/४७
– प्रह्लाद पोखेल/४८
– बिन्दु दहाल मूकदर्शक/४९
– भावकेशर बराल/५०
– भूपाल अधिकारी/५१
– मच्चिन्द्र खत्री/५२
– रमेश पन्त मीतबन्धु/५३
– डा. रमेश शुभेच्छु /५४
– रमेश समर्थन/५५
– डा. रामप्रसाद ज्ञवाली/५७
– रुद्र ज्ञवाली/५९
– रोहिणी रसिक/६०
– लक्ष्मी रिजाल/६१
– वासुदेव अधिकारी/६२
– वासुदेव पाण्डेय/६३
– शम्भुप्रसाद भट्टराई/६४
– शान्ति सापकोटा/६५
– शारदा भट्टराई/६६
– सवी मेवाहाङ/६७
– सृजना सरोवर/६८
सृजना खनाल/६९
– सोम निरौला/७०
– हीरा भट्ट 'बदमास नम्बर दुई'/७१
– हेमराज अधिकारी/७२

**बजारमा नयाँ पुस्तक**

– संयोजक प्रतीक्षा रिजाल/२४१

# हिजोका कविता



– जगन्नाथ गुरागाईँ

विद्या यै नरको छ रूप भरिलो यै सम्झ गुप्ती धन,
विद्याले सुखभोग मिल्छ सहजै सुध्रिन्छ भित्री मन ।
विद्या हो परदेशमा हित सखा दर्बारमा पूजिने,
यस्तो उत्तम रत्न लौ बटुल है ! पैसै बिना पाइने ॥

राम्रो पार्छ न हारले मुकुटले न स्नानले फूलले,
न श्रीखण्ड सुगन्ध मालिस टिका साबून काकूलले ।
साह्रै सुन्दर बन्नुपर्दछ भने बोली सिकौँ संस्कृत,
विद्याले बढिजान्छ रूप सजिलै मिल्ला ठुलो इज्जत ॥

बाजुबन्द किरीट कुण्डलमणी औंठी चुरा हारले ।
भोटो कोट कमीज टोपि पगरी अस्कोट सुर्वालले ॥
सारा देह सजाइ झलू-झल हुँदै जान्छौँ सभामा जब ।
बोलेनौँ रसिलो उहाँ बसी भने व्यर्थै हुने हो सब ॥

पैन्हुन् हार किरीट कुण्डल मणी औँठी र सिक्री चुरा,
लाउन् कोट र बूट टोप लहँगा बूटा भरेका पुरा ।
पालून् केश लिऊन् छडी घडि भिरून् कस्तै घसून् अत्तर,
बोल्ने ढङ्ग नभा सभा बिच हरे ! के भो र नी सुन्दर ॥

विद्या सुन्न भनेर कान बनिए के गर्नु ती कुण्डल ?
दानै गर्न भनेर हात बनिए, बाला भिरी के फल !
जिब्रो पढ्न र मन्त्र जप्न बनियो, न स्वादका खातिर,
यो चोला उपकार गर्न बनियो, शृङ्गारमा के छ र ?

अनौठो यो विद्या धन छ जगतैमा नमिलने,
दिँदा बढ्दै जाने कहिँ पनि न बाँडे घटि हुने ।
पछी नाना जन्मान्तरतक पनी साथ रहने,
अझै यस्तो दीघो धन किन छिटै हात नलिने ?

अल्छ्याई नलिनू उँघी नरहनू निद्रा न धेरै लिनू ।
क्वै देखी नडराउनू रिस  कतै कैल्यै नउठ्ने हुनु ॥
धन्दा झट्पट छिन्नु फूर्ति रहनू जुम्सोपना छाड्दिनू,
विद्यामा धनमा पुरा हुनु परे यो बानि हर्दम् लिनु ॥

डुब्दै गर्भ र कुम्भिपाकहरूमा हर्दम् उभिन्डा मुख ।
भोग्दै कीट-पतङ्ग पक्षीपशुका चौरासी लाखौं दुख ॥
ऐले बल्ल मनुष्य भैकन यहाँ जन्मी रहेछौं हरे !
यै वेला पुरुपार्थ केहि नगरे पर्नेछ धोका भरे ॥

जिभ्रो कान र नाक लोचन त्वचा छन् पाँच बुद्धीन्द्रिय,
बोली हात र पाउ आदि यसमा छन् पाँच कर्मेन्द्रिय ।
जे-जे चित्त चिताउँछ प्रिय कुरा सो-सो तुरुन्तै पुरा,
गर्दै छन् सब यी दशेन्द्रिय भने क्या हो नपुग्दो कुरा ॥


**जीतपुर-सिमरा उपमहानगरपालिका**
**वडा नं. १६ को कार्यालय, सखुवाघाट, बाराको**

**अनुरोध**

- जन्म, मृत्यु, विवाह, बसाई-सराई र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू भएको ३५ दिनभित्र सम्बन्धित वडामा गई व्यक्तिगत घटना दर्ता गराऔं ।
- सार्वजनिक सम्पत्तिका संरक्षण गरौं र संरक्षण गर्न वडालाई सहयोग गरौं ।
- आफ्ना घर आँगनबाट उत्पन्न हुने फोहोर मैलालाई उचित व्यवस्थापन गरी सहरलाई स्वच्छ, सफा, सुन्दर हराभरा बनाउन सहयोग गरौं ।
- वडालाई बुझाउनुपर्ने घर-जग्गा कर, मालपोत दस्तुर, व्यवसाय कर, सम्पत्ति कर लगायतका कर तथा राजस्व समयमै बुझाई जरिवानाबाट बचौं ।
- तपाईंले तिरेको कर वडाको विकास निर्माणका लागि खर्च हुन्छ ।
- आवश्यक जानकारीका लागि कार्यालयमा सम्पर्क गरौं ।
- डेंगी रोगबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

– भानुभक्त आचार्य



एक् दिन् नारद सत्यलोक् पुगि गया लोकको गरूँ हित् भनी ।
ब्रह्मा ताहिँ थिया पऱ्या चरणमा खूसी गराया पनी ।।
क्या सोधृछौ तिमि सोध भन्छु म भनी मर्जी भयेथ्यो जसै ।
बह्माको करुणा बुझेर ऋषिले बिन्ती गऱ्या यो तसै ।।

हे ब्रह्मा ! जति हुन् शुभाशुभ सबै सूनी रहयाँछु कछू ।
बाँकी छैन तथापि सुन्न अहिले इच्छा म यो गर्दछु ।।
आउला जब यो कलि बखतमा प्राणी दुराचार् भई ।
गर्न्या छन् सब पाप् अनेक् तरहका निचूका मतीमा गई ।।

साँचो बात गरैन कोहि अरुकै गर्नन् त निन्दा पनी ।
अर्काको धन खानलाई अभिलाष् गर्नन् असल हो भनी ।।
कोही जन् त परस्त्रिमा रत हुनन् कोही त हिंसा महाँ ।
देहैलाइ त आत्म जानि रहनन् नास्तिक पशू झैँ तहाँ ।।

काम्का चाकर झैँ भयर रहनन् स्त्रीलाई द्यौता सरी ।
मान्नन् पितृ र मातृलाई बुझि खुप् शत्रू सरीका गरी ।।
ब्राह्मण् भै कन वेद बेची रहनन् कोही पढुन् ता पनी ।
धन् ठूलो छ पनी भन्या सहज धन् आर्जन गरौँला भनी ।।

जाती धर्म रह्वैन क्षत्रिहरुमा जो छन् इ नीचाहरू ।
शूद्रादी त तपस्वि होइ रहनन् ब्राह्मण् सरीका बरू ।।
स्त्री धेर् भ्रष्ट हुनन् पती र ससुराको द्रोह ठूलो गरी ।
यस्ता भ्रष्ट कसोरी मुक्त त हुनन् संसारसागर् तरी ।।

यो चिन्ता मनमा भयो र अहिले सोधूँ उपायै भनी ।
आयाको छु दयानिधान ! कसरी तर्नन् सहज् ई पनी ।।

यस्तालाइ उपाय तर्न सजिलो कुन् हो ऊ आज्ञा गरी ।
मेरो चित्त बुझाइ बक्सनुहवस् क्याले इ जान्छन् तरी ॥

नारद्ले दुनियाँउपर् गरि दया बिन्ती गऱ्या यो जसै ।
ब्रह्माजी पनि खुप् प्रसन्न हुनुभो मर्जी भयो यो तसै ॥
हे नारद् ! सब पाप हर्न कन ता रामायणैले सरी ।
आर्का मुख्य उपाय छैन सबको हित् यै छ अमृत् सरी ॥

शम्भू देखि सुनेर तत्त्व सब यो गान् पार्वती गर्दछिन् ।
राम्को नाम अपार जानि बहुतै आनन्दमा पर्दछिन् ॥
जस्ले गान् कन गर्दछन् त ती सहज संसार पार् तर्दछन् ।
कालैका पनि ताप् हुँदैन भय सब् तिन्का सहज टर्दछन् ॥

यो सब् शास्त्रविषे बडो छ रघुनाथ्को रुप् जनाई दिन्या ।
जो छन् सब इ पुराण्हरू इ सबमा यै मुख्य जानी लिन्या ॥
गर्छन् कीर्तन सुन्दछन् पनि भन्या यो पाउँछन् फल् भनी ।
तिन्को पुण्य बखान गर्न त सबै सक्तीन मैले पनी ॥


# चन्द्रागिरि नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय, बलम्बु, काठमाडौं**

## सम्पूर्ण नगरवासी महानुभावहरूमा अपिल

- जन्म, मृत्यु, विवाह, बसाईं-सराई तथा अन्य सामाजिक घटनाहरू यथा समयमै नगरपालिकामा दर्ता गरौं, गराऔं ।
- घर–घरमा चर्पी बनाऔं, चर्पी प्रयोग गरी दिसा-पिसावको सुरक्षित विसर्जन गरौं, सामाजिक प्रतिष्ठा कायम गरी स्वच्छ वातावरणमा स्वस्थ भई बाँचौं र बाँच्न दिऔं !
- गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा, जातीय भेदभाव हाम्रा शत्रु हुन् । यसका विरूद्ध सबै सचेत, सजग र क्रियाशील रहौं ।
- बाटो, नाला, चोक, गल्ली जताततै फोहोर हुँदा घरको सुन्दरता, पानीको निकास र घुमफिर गर्ने ठाउँसमेत दुर्गन्धित हुने हुनाले सरसफाईमा सचेतता अपनाऔं । सभ्य बनौं । सभ्यताको परिचय दिऔं ।
- भान्छाबाट निस्कने कुहिने खालका वस्तुहरू घरको एउटा कुनामा खाल्डो खनेर राखौं । नकुहिने वस्तुहरू मात्र फोहोरको रूपमा घरभित्रै संकलन गर्ने बानी बसालौं ।
- सार्वजनिक स्थल, धार्मिक स्थल तथा मन्दिर पोखरी, पर्यटकस्थलको सरसफाइका लागि सामूहिक रूपले हप्तामा एक दिन स्वयंसेवकको रूपमा सरसफाइमा समय दिऔं । यी सामूहिक धरोहर हामी सबैको हो । यसको मर्यादा हामी आफैले सामूहिक रूपले गरौं ।

– माधव घिमिरे



एकै पिताका सब बाह्र भाइ
बाँडेर जेथा थर बाह्रलाई
हामी बसेनौँ किन गोरखैमा
र निस्कियौँ आर्जन पौरखैमा ।

भुइँ भुमेको, सगरै सिमेको
यो पार्वतीको नजरै घुमेको
विशालको दर्शन गर्न आयौँ
र कीर्तिको आर्जन गर्न आयौँ ।

सन्तान मेरा सय वर्षपार
जोती हलो दूर नदी किनार
गाऊन् कसोरी पसिना पुछेर
यो राज्य गोर्खा जिजुको भनेर

यो राज्य लिन्छौँ जुन आज अंश
बाँड्दै र चुँड्दै अनि वंश वंश
रहन्छ त्यो केवल गाउँ मात्र
जादूगरी जन्तर नाउँ मात्र

यो राज्य हामी सबको छ साझा
बरू तिमी नै बन आज राजा
दिऊँ म के दाहिनु हातलाई
उचालि यै दाहिनु हात भाइ !

तिम्रो अन्तिमको शिँगार सँगिनी ! 'कात्रो' कसोरी भनूँ
तिम्रो निम्ति दिइन्छ पात्र जून त्यो 'टीलो' कसोरी भनूँ

गाली होइन, किन्तु भन्नु कसरी यो अन्न 'बुर्की' भनी
'मुदार्नी' कसरी भनूँ, जुन तिमी मेरी थियौ जीवनी

यी रोए पनि दुःख लाग्छ- यिनले सम्झे कि आमा भनी
यी हाँसे पनि सुख छैन - यिनले बिर्से नि आमा भनी
को हेर्ला अब हर्षसाथ- यिनले हुर्केर खेले पनि
फाटी मर्नु छ, पीर लाग्छ - यिनले फुर्की नखेले पनि

छाया आइसक्यो झुकेर घरमा आमा अझै आइनौ
मान्छेको छलमा परेर अथवा सम्चार नै पाइनौ
भेजेको पनि आज सात दिन भो आएन दूतै पनि
तिम्रो आउँछ देहको हरहरी बास्ना यहाँ तैपनि

मेरो बालकको म हेर्छु मुख हे-धोको छ यै अन्तिम
एकै चुम्बनको निमित्त जसको पर्खीरहेकी छु म
आँधीको पुतली अडिन्छ जसरी आधै पखेटा चरी
वैशाखी सुनफुललाई मुखले छोऊँ कि छोऊँसरी ।


## काठमाडौँ महानगरपालिका
## वडा नं. २२ को कार्यालय, टेबहाल, काठमाडौँको
### अनुरोध

- जन्म, मृत्यु, विवाह, बसाई-सराई र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू भएको ३५ दिनभित्र सम्बन्धित वडामा गई व्यक्तिगत घटना दर्ता गराऔं ।
- सार्वजनिक सम्पत्तिका संरक्षण गरौं र संरक्षण गर्न वडालाई सहयोग गरौं ।
- आफ्ना घर आँगनबाट उत्पन्न हुने फोहोर मैलालाई उचित व्यवस्थापन गरी सहरलाई स्वच्छ, सफा, सुन्दर हराभरा बनाउन सहयोग गरौं ।
- वडालाई बुझाउनुपर्ने घर-जग्गा कर, मालपोत दस्तुर, व्यवसाय कर, सम्पत्ति कर लगायतका कर तथा राजस्व समयमै बुझाई जरिवानाबाट बचौं ।
- तपाईंले तिरेको कर वडाको विकास निर्माणका लागि खर्च हुन्छ ।
- आवश्यक जानकारीका लागि कार्यालयमा सम्पर्क गरौं ।
- डेंगी रोगबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।



– **लेखनाथ पौड्याल**

थोत्रो पाटी उज्यालो मलिन तृणकुटी कन्दरा झन् उज्यालो
भिक्षा भारी उज्यालो, अझ घन वनको साग सिस्नु उज्यालो ।
फ्याङ्लो गुन्द्री उज्यालो, वर पर घुमदा जीर्ण कन्था उज्यालो
तृष्णाको तुच्छ जालो मनविच नभए जो मिल्यो सो उज्यालो ।।

मत्ता हात्ती हलुङ्गो, वितत जलधिको ह्वेल माछो हलुङ्गो
जङ्गी वेडा हलुङ्गो, विट कटकटे रेलगाडी हलुङ्गो ।
शैलश्रेणी हलुङ्गो, पृथुतम पृथिवी-गोल सारा हलुङ्गो
यो ब्रम्हण्डै हलुङ्गो, जब सब मनको तिर्सना लाग्छ टुङ्गो ।।

दोषी माता-पिताका वचन, गुरुजनाऽऽदेश निःशेष दोषी
सत्याऽऽ मित्र दोषी, गृह-परिजनको चाल देखिन्छ दोषी ।
पत्नीको प्रेम दोषी, अमृतमय मिठा वेदका वाक्य दोषी
यो सारा सृष्टि दोषी, विधि-वश छ भने आफनू दृष्टि दोषी ।।

भर्दै भर्दै हजारौं विषय-सुख-घडा देह लम्तन पर्दा
झर्दा सम्पूर्ण सेखी, तुजुक पवनले निस्कने जोड गर्दा ।
सर्दा आपस्त डर्दै पर पर, धमिलो नाचको अन्त्य गर्दा
गिर्दामा साथ जाने कुनकुन चिज हुन् सम्झ ती काम गर्दा ।।

म खाऊँ मै लाऊँ, सुख, सयल वा मोज म गरूँ
म बाँचूँ, मैं नाचूँ, अरु सब मरून् दुर्बलहरू ।
भनी दाह्रा धस्ने अबुझ शठदेखि छक परी
चिता खित्का छोडी अभयसित हाँस्यो मरिमरी ।।

सबै मेरो मेरो भनिकन अघी जीवित छँदा
स्वयं हास्थ्यो हेरी जुन विभव वा दौलत सदा ।

पछि उस्को  देखी क्षणिक मनको अन्तिम  गति
उही हाँस्यो 'तेरो अब कति छ' भन्दै खितिखिति ॥

न सक्छौ यो आँशू टपटप  टिपी चप्प पिउन
न सक्छौ मासुले दिनभर  अघाएर  जिउन ।
न सक्छौ यो भुत्ला लिइकन कुनै वस्त्र सिउन
चुँड्यौ व्यर्थै मेरो मनुज ! तिमिले जीवन किन ?

हिमालयमा गयो जाडो लोकसाऽऽनन्द देखियो
उदायो  रसिलो  राम्रो ॠतु- राज वसन्त यो ॥
राम्रो वन बगैँचाको वासन्ती कान्ति मन्द भो ।
मानू  स्वर्गीय गङ्गाको मधूर स्रोत बन्द भो ॥

नाट्य-शाला छ आकाश, नाचने बिजुली नटी ।
ताल दिन्छ तबल्ची झैँ मेघ 'धाकिटी धाकिटी' ॥
यै शरद्मा  दशैँ हाम्रो, यसैमा दीप-मालिका ।
यसैमा धान्य सम्पत्ति, धन्य यो सुख-तालिका ॥


**जीतपुर–सिमरा उपमहानगरपालिका**
**वडा नं. ५ को कार्यालय, बकुलिया, बाराको**

**अनुरोध**

- जन्म, मृत्यु, विवाह, बसाई-सराई र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू भएको ३५ दिनभित्र सम्बन्धित वडामा गई व्यक्तिगत घटना दर्ता गराऔं ।
- सार्वजनिक सम्पत्तिका संरक्षण गरौं र संरक्षण गर्न वडालाई सहयोग गरौं ।
- आफ्ना घर आँगनबाट उत्पन्न हुने फोहोर मैलालाई उचित व्यवस्थापन गरी सहरलाई स्वच्छ, सफा, सुन्दर हराभरा बनाउन सहयोग गरौं ।
- वडालाई बुझाउनुपर्ने घर-जग्गा कर, मालपोत दस्तुर, व्यवसाय कर, सम्पत्ति कर लगायतका कर तथा राजस्व समयमै बुझाई जरिवानाबाट बचौं ।
- तपाईंले तिरेको कर वडाको विकास निर्माणका लागि खर्च हुन्छ ।
- आवश्यक जानकारीका लागि कार्यालयमा सम्पर्क गरौं ।
- डेंगी रोगबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।



– **सिद्धिचरण श्रेष्ठ**

टाढा माथि उडेर बादल चिरी हावा चढी जा, तँ जा
सेतो ह्यूँ झैं सफा नभचरी ! ली शान्ति सन्देश जा
हामी विश्व बनाउँछौं मिलिजुली सङ्ग्राम के काम छ
हामी आपस प्रेमसाथ जिउँछौ छौं शान्तिका उत्सुक ।

हाम्रो चाह छ एउटै  मिलीजुली वस्ने  जगत्‌मा अब
लाउन्नौं  रणको कलङ्क  भवमा हामी सबै बान्धव
हाम्रो लक्ष्य छ एक  शान्ति सुखले संसार यो सिर्जन
दिन्नौं टिक्न कदापि पृथ्वितलमा अज्ञान औ शोषण ।

हाम्रो मेल र प्रेममा  छ सबको  कल्याणको  सागर
हाम्रो भेद र युद्धमा  छ  दुखको  कालो नदी दुस्तर
कालो क्रूर  दरिद्रता  अब कतै सक्तैन  है  तेर्सिन,
जो उत्पादन विश्वको छ सबले बाँडेर लिन्छौ अब ।

यो राम्रो  सुख  शान्तिपूर्ण  भवमा अन्याय दावानल
दन्केको अब निम्न निश्चय  परी यो  एकताको जल,
जा, जा, दूत बनेर  विश्वभरमा  सन्देश  हाम्रो सुना
भानु, जा मानव जाति उठ्छ अब ता पाई नयाँ चेतना ।

कोदाली, हँसिया र  मुद्‌गलहरू  संसारका  जीत हुन्,
यो  नै  जीत बढेर  विश्वभरका आपत्‌हरू  नास्तछन्,
कुची कर्द, हलो, कुचो, कलम  औ नाना अरू ज्याभल
आफ्ना  शक्ति  प्रकाश गर्न भवमा तम्सीरहेछन् सब ।

पाखा पर्वत  फाँट चञ्चल  नदी  बोकेर  आफ्ना धन,
यो  पृथ्वीतललाई  गर्वित  गरौं  भन्छन  सधैं  सुन्दर,
मालामाल  हुनेछ विश्व अब यो नाङ्गो र  भोको भई
पर्ने  छैन  यहाँ  कुनै  रहनु  नै  रोई  कराई  गरी ।

शिक्षाको अनि न्यायको लहरले धोएर पथ्वीतल
सफ्फा सुन्दर शान्तिको घर गरौं साथीहरू हो ! सुन
हामी शान्ति प्रवाहिनी मनुजका धारा छिटो बग्दछौं
हामी क्रुर अशान्तिका लहर ती फारी सखाप् पार्दछौं ।

हामी स्वच्छ स्वतन्त्र मानिसहरू उत्री सक्यौं विश्वमा
सामन्ती पुग ढाल्न कम्मर कसी आइरहेछौं यहाँ
हौं उत्ताल तरङ्ग कर्मगतिको अल्सी लुला होइनौं
हौं आँधी नवशान्तिको नवयुगी कर्तव्यका धार हौं ।

ताराझैं नभमा उठी पिलिपिली आशा तँ सञ्चार गर्
हारेकाहरुको विदीर्ण, दिलमा उत्साह जित्ने तँ भर्
ओर्ली क्यै छिन देश विदेशबिचमा यो एकता मन्त्र फुक्
कू कू को मृदु गीतले नभचरी ! चैतन्य नौलो तँ भर् ।

उड् उड् मानव ! स्वप्नमूर्ति तँ बनी जा देश देशान्तर
सारा मानिस हुन् बराबर भनी छर्दै तँ जा चेतन
भाग्छन् दूर कहाँकहाँ अब यहाँ रोएर ज्यूने दिन
आयो पूर्व खुलेर जग्मग भई हाँसेर बाँच्ने दिन ।

जा सन्देश सुना, जगत्भर यही हाम्रो पियारो चरी
मान्छेको सपना कुहेर मनमै बौलट्टि नाना फुटी
यो संसार बिगार्न शक्ति कसको ? आयो जमाना नयाँ,
लाग्यो पल्लव नौजवानहरूको संसारको वृक्षमा ।

**बद्रीप्रसाद ढकाल**द्वारा
लिखित तथा अनुसन्धान विमर्श
नेपाल, बागबजार काठमाडौँद्वारा
प्रकाशित '**प्रकृति पर्यावरण र
साहित्य**' नामक कृति पुस्तक
पढ्न भ्याउनु भयो त ?



# नवसिर्जनमा युवा



– इन्द्रनारायण सुवेदी

गणतन्त्र ठुलो मुख बाउँछ यो, बलियासँग बस्न रुचाउँछ यो
जति लाभ लियो उति लोभ बढ्यो, हसुरे जति नित्य पचाउँछ यो
सबका घरमा दरबार लग्यो, महँगो करको अनि भेल बग्यो
दलका बलले सरकार बन्यो, निमुखा जति सक्दछ ठग्नु ठग्यो ।

यतिसम्म कि न्याय टिकेन यहाँ, जनशक्ति ठुलो छ बिकेन यहाँ
गणतान्त्रिक शासनले कहिल्यै, जनको हित गर्न सिकेन यहाँ
बरु साधन स्रोत बिके घरका, बहुमूल्य अमूल्य ठुला दरका
सकिएर भँडार सुके वरका,भरिँदै भरिँदै चुलिए परका ।

दुहियो चुहियो रस धेर गयो,कति पर्खनु हेर्नु अबेर भयो
जतिपल्ट जिते पनि हार भयो, र सधैँभरि त्यो मत खेर गयो ।

दलका दल छन् दलभित्र दल, अनुहार उही छ पुरानु खल
लिन औसर टेक्दछ फेरि,तल बलियो हुन गर्दछ उठ्न बल
न त धर्म न नीति विचार रह्यो,न निकास भयो न विकास भयो
अधिनायक बन्न लडाइँ हुँदा,जनमानसको उपहास भयो ।

जब पोचिन थाल्छ मुढो र बुढो,अनि काम दिँदैन बनेर कुँडो
अभिमान र स्वाद छ शासनको,किन छाड्छ बुढो बरु टेक्छ घुँडो
अलि आश छ मात्र युवा जनमा ,बदलिन्छ कि देश नयाँ पनमा
रथ हाँक्न सकून् सुख डाक्न सकून् ,अभियान नयाँ नव सिर्जनमा ।

(छन्द : दुर्मिला)

*चुरेघाटी, इलाम*

# गरोस् नाद सङ्गीतमा पोखराले



– उत्तम विचार भेटुवाल

जहाँ उच्च माछा छ पुच्छ्रे हिमाल
त्यहीँ रम्य फेवा जमेकोछ ताल
र स्वर्गीय आभासमा अप्सराले
यहीँ बास मागून् भन्यो पोखराले ।

नहुन् दिक्क कोही नबाँचून् उदास
छ सन्देश बाँड्दै उता बेगनास
फुलाएर छाती छ जो फैलिएको
कवै देख्न चाहन्न यो मैलिएको ।

यता पोखरा घुम्छ आँखाहरूमा
उता ध्यान तानिन्छ पाखाहरूमा
भने घुम्न आऊ कुना कन्दराले
थप्यो शिष्टता साथमा पोखराले ।

यहीँ पातले झर्छ छाँगो सुसाई
हतारो छ सेती नदी भेट्नलाई
चमेरे गुफाले मनै हर्न सक्छ
छुटे घुम्न इच्छा त्यसै मर्न सक्छ ।

सयौँ काव्यप्रेमीहरू जन्मिँदै छन्
कयौँ पोखरामै डुली हुर्किँदै छन्
फुली सिर्जनाका उनी दिव्य हार
नयाँ पोखराको गरे सूत्रधार ।


यहीँ जन्मिएथे हिजो लेखनाथ
बन्यो धन्य कास्की भयो पूर्ण गाथ
विनाबीज रोपी फलोस् के गरामा
छरे शब्द उम्रिन्छ यो पोखरामा ।

सबै अट्नसक्ने बनोस् यो छहारी
बनोस् स्वच्छता पोखरेली चिनारी
मिठा गीत गाऊन् यहाँका चराले
गरोस् नाद सङ्गीतमा पोखराले ।

छन्द : भुजङ्गप्रयात

*नुवाकोट*

# सफा भए हुन्छु म !



– कलानिधि दाहाल

आफ्नै पर्वत प्यार छन् अझ मिठा प्याला बनाऊँ पल
भित्रैबाट हटूँ म चञ्चलपना गर्ने सधैँ खल्बल !
त्यो वृन्दाचलझैँ र हल्चलविना खम्बा म अग्लूँ बल
विश्वासी तल ताल तैरन सकूँ भित्री भई हल्चल !!

मेरो मन्द मिजासको मन छुने छैयूया र छैयूया गरी
मेरै शैलशिखा शिखा सहजका मुस्कानका माधुरी!
चुम्ने छाँट विशाल बुल्बुल बुता अग्ला उता पोखरी
हेर्दै भेट्न सकूँ अनन्त परका पाखा खुलेका खरी !!

बालूँ अक्षर दीप दिव्य मनमा ज्योति छुने यी तन
ताना ताँत तनाव निस्कन सकून् चिन्ता झिकी धड्कन !
सङ्ला सागरझैँ बगूँ अझ बगूँ चट्टान फोर्ने गरी
मेरो शैल म सान शैलसँगको छोएर अग्ला धुरी !!

धावा धौम्य ममा मभित्र पहिले सङ्घर्षज्वाला बलूँ
खाली खाल खलक्क पाप मनका झिक्दै म पैला चलूँ!
अर्को आउँछ लाम त्यो पथ खुली बोल्दै नबोली कले
कालो दाग रहन्न हुन्न म कतै यी अन्तरा छल्बले !!

यौटा निर्जन टापुबाट जसरी बग्छन् यता निर्झरी
जम्छन् ताड तडाग तौल तरली सौजन्य हुन्छन् झरी!
पर्दा शीत टटप्प टल्पल पला टल्कन्छ टल्कन्छझैँ
साँच्चै सुन्दर वाग यो बगलमा झल्कन्छ झल्कन्छझैँ !!

धारावाहिक बोल्दछन् पर चरी चारा चुचा चञ्चल
चौडा चाल दिने लिने न छ कतै अर्को झिकी आँचल!
क्वैली कोमलका कला मृदुलका सङ्गीत भर्छन् कति
सारा सौम्य समग्र सुन्दर भला संसारमा छन् जति!!

छायाँ शीत छरेर हाँस्छ मसँगै अन्तर्य चुम्ने गरी
स्नेही राज म रागका बगलमा सौन्दर्य झुम्ने झरी!
झारी हैम पला थलाथलथला थाली थला शृङ्खला
छन् मेरा शिरमा सपक्क नुहुने मिठा रसिला गला!!

गाऊँ गाउन सक्छु शैल छ दिने सङ्गीतका शृङ्खला
लाऊँ लाउन सक्छु पात हरिया छन् प्रेम भर्ने कला!
हिँड्दा जाँगरका जगाजगजगा फैली दिने छन् गरा
मैले चिन्न सके मभित्र मभरी छन् धौम्यका टाकुरा!!

को बोल्छौ भन विश्वका दिल छुने कर्तव्य गाढा कुरा
को खोल्छौ भन भेदभित्र नहुने झुल्ने सधैँ आँकुरा ?
को घोल्छौ भन सर्वशक्ति समको बास्ना गुलाफी पल
यौटा विश्व विराट् विशाल वयको खुल्दो नयाँ आँचल ??

(छन्द : शार्दूलविक्रीडित)

*ओखलढुङ्गा*


**नेपाल सरकार**

**ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय**

**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**

ताहचल, काठमाडौँ

फोन नं. ०१-४४९०१३, ४४९०१४

वेबसाइट : www.aepc.gov.np, इमेल : info@aepe.gov.np

**अनुरोध**

**लघु तथा साना जलविद्युत, सौर्य ऊर्जा, वायोग्यास, सुधारिएको चुलो, वायु ऊर्जा जस्ता नवीकरणीय ऊर्जा प्रविधिहरु प्रयोग गरौं ।**

**वन जंगल जोगाऔं, वातावरण संरक्षणमा सहयोग गरौं ।**

**उक्त प्रविधिमा नेपाल सरकारले तोकेको मापदण्डको आधारमा अनुदान दिने हुँदा उक्त प्रविधि आफ्नो घर तथा समुदायमा जडान गरी फाइदा लिऔं ।**

# पोखरीमा नुहाऊँ



– कल्पना अधिकारी भट्टराई

अलङ्कारले शोभिएकी परी झैँ
लगातार बग्ने नदी निर्झरी झैँ
बनी पुष्प यो  बाटिकामा सुहाऊँ
डुबी छन्दको पोखरीमा नुहाऊँ ।

पसी सिन्धु भित्रै झिकूँ रत्न हीरा
म फालूँ किरा सर्प बिच्छी पतेरा
छरी स्वेद धारा म माटो भिजाऊँ
डुबी छन्दको पोखरीमा नुहाऊँ ।

म बालूँ सदाचार, संज्ञान ज्योति
टिपूँ छन्दबाटै  म सद्भाव मोती
नयाँ सिर्जनाले धरा यो सजाऊँ
डुबी छन्दको पोखरीमा नुहाऊँ ।

स्वयंभित्रको भाव गङ्गा बहाई
उनूँ सूत्रमा शब्द माला बनाई
खुला भावना कल्पनामा नचाऊँ
डुबी छन्दको पोखरीमा नुहाऊँ ।

अहा! मालिनी शालिनी स्रग्धरामा
यिनै छम्छमाऊन् कलामा गलामा
बसी वृक्षका फेदमा गीत गाऊँ
डुबी छन्दको पोखरीमा नुहाऊँ ।

(छन्दः भुजङ्गप्रयात)

– *काठमाडौँ*

# मातापिता !



– कर्मसही घर्तीमगर

बा आमा घरमा अशक्त तनमा देख्दा भयो कम्पन
लाखौंलाख कमाइमा पनि कुनै लागेन आस्वादन
आफ्नै पौरुषमा अनादर गरी यो देश छोडी गएँ
बा आमाप्रतिको अगाध ममता छल्क्यो यतै रोकिएँ ।

बढ्दै दुःख लुकेर अड्छ मनमा सन्ताप छातीभरि
आँखा रूद्ध भएर झर्छ पथमा विच्छेद भै तर्तरी
तिम्रो दैहिक रुग्ण जीवन कथा हेर्दैछु रातोदिन
श्रद्धा छिन्न हुनै म दिन्न ममता त्यागेर यो जीवन ।

तिम्रो रोदनमा अशान्त रहँदै कारुण्य भै पोखियो
मेरो दारुणयुक्त ऊष्णतटमा वैराग्य भै बर्सियो
यो बेहाल अशक्त रुग्ण तनमा सारा खुसी ल्याउँदै
ए आमा अब बस्छु गाउँघरमा दिर्घायु दुष्प्राप्यमै ।

माटो वायु यहीँ छ स्वच्छ जल यो के खोज्नु टाढा गई
बाँझो निर्जन भग्न खेत र गरा निर्वाध जोत्नेछु है
तिम्रो काख मजा हुने हरघडी आमा मलाई अझ
होस् प्रारम्भ अगाध फेरि मनमा छल्केर माया तब ।

लेखूँ मै कविता मधुत्व लयमा भाषा मिलाई सदा
आफ्नै सौम्य कथा उनेर विजयी लेख्नेछु मातापिता
भाषा सभ्य र भव्य पार्नुछ सदा जाओस् अझै फैलिँदै
फाली कल्मष काव्ययुक्त नगरी हाँसोस् रमाई सधैं ।

छन्द - शार्दूलविक्रीडित

*– मैकोट, रुकुमपूर्व*

# मानव



– कविराज घिमिरे पुछाराघरे

डाह छ मनमा भित्र अनेकौँ
धन धन भन्दै फनफन घुम्छौँ
मानव हामी छौँ पशुजस्ता
भिन्न हुने नै छैन अवस्था ।

घात गरेका हात यहीँ छन्
क्रोध भरेका माथ यहीँ छन्
आशय रोगी कदम कदममा
छैन सहजता कतै बदनमा ।

जपना हरिको काम छ खट्टा
गुरुवर सँगमा गर्नुछ ठट्टा
मै छु बढेको भन्दछ माथि
तौल घटेको ढाक्छ नढाँटी ।

मित्रहरूमा छन् अपघात
वृद्धहरूको छोड्दछ साथ
बालकप्रति झन् गर्छ उपेक्षा
मानवबिचमा छन् अपशिक्षा ।

मानवले अब धैर्य गरेर
चिन्तन गर्नुछ सभ्य भएर
यो पृथ्वीमा मानवतुल्य
छैन अरू ता जीवन पूज्य ।

(छन्द : पादाकुलक)

*– भक्तपुर*

# कविता फुरेन



– काशीनाथ मिश्रित

लेखेर के हुनु थियो र ? भएन केही
संसारले गति लियो, म बसैंछु रोई !
भूस्वर्ग यो मुलुकको स्थिति नारकीय
भोगेर बस्नु अभिशाप भएछ हाय !

साहित्यकार कविले कविता कथामा
पोखे विसङ्गति विकृति सबै कलामा
घोचेर शब्द शरले कति बाण हाने
लागेन कत्ति अगुवाहरुमाझ माने !

हाम्रा कलाकृति र संस्कृति छन् हजार
अग्ला हिमाल, वन, ताल, नदी हजार !
तानिन्छ पर्यटकको मन लोभिएर
राम्रो प्रबन्ध नगरेर गएछ खेर ।

खानी सयौँ खनिजका झिकिएन कैल्यै
बेचे छलेर जलस्रोत अहो ! पहिल्यै
बर्दान हो प्रकृतिको बुझियो तथापि
मालीहरू हुन गए खल दुष्ट पापी ।

छाती जल्यो मुलुकको मन भो खरानी!
मुर्च्छा पर्‍यो हुन गएछ उँधो सिरानी!
ब्युँतेर उठ्छ कहिले र अगाडि बढ्छ
आशा मरेछ कसले अब प्राण भर्छ ?

साँच्चै सराप दिइथिन् कि कुनै सतीले!
फिर्दैन बुद्धि शत पार गरे शतीले!!
जल्ले म हाँक्दछु भनीकन लिन्छ सत्ता
फेरिन्छ दुष्ट मति त्यो  जब खान्छ भत्ता !!

लेख्नै पर्‍यो हृदयले अहिले भनेन !
शब्दार्थ मात्र हुन गो कविता बनेन
यो देश उन्नति हुने लगनै जुरेन
के लेख्नु तुच्छ कविता? कवितै फुरेन ।

(छन्द : वसन्ततिलका)

*–गुल्मी*

# अखण्ड नेपाल

– खगेन्द्र खोल्साघरे



अखण्ड नेपाल विशाल छाती
अनेकताभित्र छ एक भाँती
छ लेक बेँसी सँगमै तराई
अथाह नाता छ, छ को पराई ?

हिमाल अग्लो घरको निसानी
चिनाउँदै विश्व जतै हिमानी
छ अग्लिएको जगकै गरामा
र पो छ नेपाल सबै कुनामा ।

अनादि नेपाल स्वन्त्र नै हो
ध्वजा सफा फर्फर अग्लिँदो यो
समस्त ब्रह्माण्ड भरी उचाली
झुक्थे र पुर्खा? बल ती सँगाली ।

न थाक्छ सन्तान स्वन्त्र बोक्न
अखण्डता थेग्छ विखण्ड रोक्न
प्रबुद्धमा बुद्ध भई मुसुक्क
चुली छिचोलीकन छौँ प्रशिद्ध ।

अनन्त यै जीवित राख्नलाई
समीप हौँ भाइ जुटी जुटाई
नदेख्नु भिन्नै सपना कसैले
अखण्ड यो राष्ट्र रहन्छ जैले ।

(छन्द : उपजाति)

*– खोटाङ*

# छेपाराले सताउँछन्



– खगेन्द्र दाहाल

हुक्के भुक्के र चम्चाले छेपाराले सताउँछन्
पासो थापी मिठो बोली जालभित्र फसाउँछन्
यता हेर्छु उता हेर्छु मात्रै विकृति देख्दछु
जता जान्छु उतै  खाली रत्नाकर म भेट्दछु ।

बोल्नु हुँदैन देखेको, मुख थुनाइ
खोल्न हुँदैन भोगेको, आँसु सिलाइ
भित्ताका कान छन् ठाडा, सुन्छन् पूर्ण सुनाउँछन्
इरफान अली ठानी, जेलभित्र सडाउँछन् ।

मुसा साङ्ला दुलै पिच्छे अन्न खान तयार छन्
सर्प भालु लुकी ज्यान, डस्न मार्न तयार छन्
भेडा छन् गोठमा भोका खान खोज्छन् कराउँछन्
स्वामी राजा पिठो मीठो, खाने चाँजो मिलाउँछन् ।

*– रतुवामाई, मोरङ*



# गौरव र वर्तमान

– खोलाघरे साहिँलो




उच्च हिमाल प्रभात प्रभासँग स्वर्णमयी दिन झुल्किदिने
कल्कल निर्झर ताल,नदी परिशोभित रम्य पहाड हुने
चाँप, गुराँस, चिमाल सुशोभित नन्दन लाग्दछ यो वसुधा
ए मन ! खोज्न नजा सुरको पुर वैभव खोज्न तँ अन्त नजा ।

पूर्वज आर्जित, विश्वप्रशंसित, शौर्यसुवासित, रम्य धरा
हर्दम रक्षक छन् शिवशङ्कर भूमि स्वतन्त्र छ पुण्यकरा
व्यास,पराशर,कौशिकको घर ज्ञानसुधा वसुधा रमणी
एक इँटा म थपूँ अझ उन्नत पार्न प्रियङ्कर यो धरणी ।

आर्य, किरात निवास चिरन्तन चिन्तन,कर्म छ एक सबै
धर्म विभिन्न भए पनि कल्मष छैन सहिष्णु भएर सबै
डम्फु र मादल,च्याभ्रुङ,ढोलक,तीज,तिहार,मुहर्रम छन्
यी सब संस्कृतिमा मन रम्दछ गौरव,हर्ष बढाउँछ झन् ।

सूर्यसशाङ्कसुशोभित यो ध्वज गौरववाहक,कीर्ति दिगो
विश्वविलोकित,चर्चित सुन्दर प्राकृत वैभवपूर्ण थलो
राहु शनिश्चरले छलले कति दुष्कृत शङ्कट रच्न पुगे
यी ग्रह दुष्ट हटाउन सक्षम लेख्नुपर्यो कविता कविले ।

शान्ति, सुशासन होस् अनि उद्यम दुर्गममा पनि पुग्न सकून्
औषधि होस् उपलब्ध सबैतिर पौरख पोख्न युवा रतिऊन्
पढ्न मिलोस् अनि काम मिलोस् तब जान्न विदेश युवा करले
फिर्छ गए पनि बाहुबली तन खोज्छ जुहार यहीँ श्रमले ।

लास उठाउन काँध नहोस् अनि दाहक सन्तति नै नरहोस्
यो अति दारुण मृत्युकथा पनि सुन्नु र देख्नु कतै नपरोस्
वृद्ध,अपाङ्ग,अशक्त र बालक, शासक मात्र यहाँ रहने
सम्भव यो स्थिति गर्न विरेचन चेतन छर्नुपर्यो कविले ।

(छन्द - मदिरा)

*– फाकफोकथुम-४, इलाम*

# लिउन



– गीता सापकोटा

मझेरी आट गग्रेटो, चुलो चौको भँडारको
लिउन उक्किए मेरो मुटु फाट्दछ भित्रको
उक्कँदा घरको भित्तो रमिता हेर्न सक्तिनँ
भत्केको घर हेरेर नलिम्सि बस्न सक्दिनँ ।

अँगेनो आँगनी डाला भकारी भत्किए कुनै
थुन्से नाङ्ला र पेटीका प्वाल टाल्नु परे पनि
जतन गर्छु यी वस्तु टाल्दछु दुःख मान्दिनँ
भत्केको घर हेरेर नलिम्सी बस्न सक्दिनँ ।

बलैंसी ढिकुटी भत्के भत्कन्छन् शिल्पका छवि
चौगारो सिकुवा भित्ता चर्किदा पोल्छ भत्भती
छाँटकाँट मिलाएर लिम्सन पछि हट्दिनँ
भत्केको घर हेरेर नलिम्सी बस्न सक्दिनँ ।

ढिकी जाँतो र भर्सेली कुनाकाप्चा जताततै
टाटा खाटा नबस्दैमा लिम्सन्छु म सधैंसधैं
अमूल्य रत्न यी ठान्छु बिकामे वस्तु मान्दिनँ
भत्केको घर हेरेर नलिम्सी बस्न सक्दिनँ ।

– *ललितपुर*

## हाम्रा केही साहित्यिक पत्रपत्रिका

अभिव्यक्ति, रचना, जनमत, भानु, नवप्रज्ञापन, कल्पतरू, नेपाली, हिमाली गुराँस, तन्नेरी, हाम्रो पुरुषार्थ, दायित्व, शिवपुरी सन्देश, शाल्मलि, सुलेख, शब्दाङ्कुर, कौशिकी, शृङ्खला, चेतना सन्देश, हाम्रो पूर्णिमा, अक्षरमार्ग, जमघट, आलेखन, नारीस्वर, रजस्थल, कपन वानेश्वर, हाम्रो मातृभूमि, अक्षय अक्षर, दोभान, वैजयन्ती, अन्तर्बोध, शब्दसंयोजन, शारदा, वनिता, अभिनव, कथालिका, संगम अभियान, ज्यादीखोलाको तरङ्ग, गरिमा, अक्षय ज्ञान, गुगुल्डी, तामाङ डाजाङ, लहरा, अर्न्तध्वनि, लोकभावना, नःलि, आँजुर, कलस, महामण्डल, रूपायन, कालिको सुसेली, लावा डग्गर, गोलसिमल, हरचाली, थौं कन्हय, नवमाधुरी र सचेतना आदि ।

# म सैन्यशक्ति राष्ट्रको



– छन्दमणि त्रिपाठी

चिरेर अन्धता सधैँ सुशान्ति छर्न सक्दछु,
र सत्य खोजमा कडा म द्वन्द्व गर्न सक्दछु
म हेर्छु दिव्य प्रातमा,स्वदेश मात्र भेट्दछु,
म सैन्यशक्ति भक्तिले स्वराष्ट्र भाव रेट्दछु ।

अदम्य स्वप्न प्रेमले भूस्वर्गभित्र बग्दछु,
म देशका हितार्थमा शरीर त्याग्न सक्दछु
म जाग्छु वीर भावमा विचार नै निखार्दछु,
म सैन्यशक्ति राष्ट्रको मुहार दिव्य पार्दछु ।

समस्त लोक शास्त्रमा म चुन्छु सिर्जना कला,
विकास राग फैलियोस् म सोच्छु है पलापला
म रोप्छु चेतका सरा अनन्त प्रेम सार्दछु,
म सैन्यशक्ति राष्ट्रको मुहार दिव्य पार्दछु ।

प्रसिध्द सिध्द सिर्जना सदैव छन् रमाइला,
विकल्प कल्पका बुँदा सशक्त झन् घमाइला
म गर्छु दिव्य साधना स्वदेश गान गाउँछु,
हिमाल,ताल वा नदी गुराँसमा रमाउँछु ।

उदात्त भावनासँगै सधैं रमाउने गरी
विचार सार चेतना म खोज्छु है सधैँभरि
अपार प्यार छर्कँदै म मित्रता कमाउँछु,
म सैन्यशक्ति राष्ट्रमा सुधीरता बढाउँछु ।

म मर्छु देशको प्रभा र कान्ति, वीरता छुन
म बाँच्छु स्वत्वको जरा नभाँचिने गराउन
म लक्ष्यमा विरासती प्रभात त्यो सजाउँछु
हिमाल,ताल वा नदी गुराँसमा रमाउँछु ।

(छन्द : पञ्चाचामर)

*–पोखरा २५, कास्की*

# यात्रा



– छन्दिका त्रिपाठी

मेरो यात्रा अविरल बहोस् देशका कन्दरामा
मेरो माया छरिदिन सकूँ चेतनाका गरामा
प्यूँदै जाऊँ रस प्रकृतिको यो सदा रित्तिदैन
यात्रा गर्दा अमरपुरको लेखनी सिद्धिदैन ।

अग्ला डाँडा छङ र छहरा छन्दको नाच जस्तो
स्वर्गै पुग्ने अनुभव हुने सर्वसौन्दर्य कस्तो ?
झर्दै झर्ना नद समरमा सुस्तरी होमिँदै छ
मेरो आस्था प्रणय सरिता देशमा पोखिँदैछ ।

शोभादायी कविहृदयका क्या मीठो सिर्जना छ
मेरो पाखा वन चउरमा प्रेमको तिर्सना छ
मैले हिँड्ने पथतिर नहोस् त्रासको जिन्दगानी
लेख्दै जाऊँ करकलमले वीरताको कहानी ।

हावा चल्दा सरर मनमा जाग्दछन् सौम्य भाव
मेरो प्यारो प्रकृतिसित छन् सिर्जनाको प्रभाव
यात्राले नै मधुरस भऱ्यो जिन्दगी शृङ्खलामा
भर्दै जाऊँ मधुर सपना कल्पनाका कलामा ।

हाम्ले यात्रा नियमित गरे बढ्छ आत्माभिमान
यात्रासाथै सररर उडोस् कल्पनाको विमान
यात्रा नै हो समय गतिको उच्च सङ्घर्ष पाटो
यात्रा गर्दा हरमनुजमा खुल्छ आदर्श बाटो ।

(छन्द : मन्दाक्रान्ता)

*– पोखरा-२५, हेमजा कास्की*

# सरस्वती वन्दना



– जगदीश्वर पोखरेल

सेतो सफा सुन्दर पुष्प माथि
आसीन वीणा करले समाती
विद्या दिँदै छिन् दिलदार धेर
म ढोग्छु माता पदमा झुकेर ।

विद्या दिने बुद्धि दिने अपार
बिग्रिन्छ बालो जननी सपार
हे! शारदा चञ्चल हुन्छ चित्त
डुलेर हिँड्ने किन गर्छ नित्य ।

अज्ञान फाल्ने मति शक्ति देऊ
सङ्गीत विद्या लिन बस्छु छेउ
विद्याविना मानिस बन्छ मूर्ख
धसेर ल्याप्चे मन हुन्न हर्ष ।

को धूर्त विद्वान् पटमूर्ख चिन्छ्यौ
मनुष्यलाई वरदान दिन्छ्यौ
वाणीविना जीवन साँच्न कष्ट
विद्याविना मानिस बन्छ भ्रष्ट ।

वाणी दिने आदर गर्नलाई
लेख्ने कला चेतन हो भलाइ
देऊ कला सिक्न सकिन्छ माता
सरस्वती माहिर शक्ति दाता ।

(छन्द : उपजाति)

*– पाउँदीबजार, लमजुङ*

# प्रकृतिको तरेलीमा



– जयनारायण भट्टराई

कस्तो राम्रो हरित नगरी स्वर्ग जस्तै खुलेको
थुम्का थुम्की समथर कतै लेक बेसीँ मिलेको
खोला बग्छन् कलकल गरी खेतमा पुग्छ पानी
खेती गर्दा तरर पसिना झार्छ हाम्रो जवानी ।

पानी झार्छन् अमृत झरना नित्य शोभा बढाई
उस्तै खुल्छन् हिम शिखर यी हैम चाँदी सजाई
वास्ना छाड्छन् मगमग बुकी फूल नागीहरूमा
गाना भर्छिन् करुण रसमा न्याउली यो धरामा ।

माया गाँस्ने बर पिपलमा बन्छ राम्रो छहारी
दोहोरीमा युवकयुवती खेल्न थाल्छन् जुहारी
डुल्छन् मिल्ने तनमनहरू साँझमा बागभित्र
कोर्दै राम्रा सुखद दिनका स्निग्ध खाका र चित्र ।

प्यारा राम्रा वनकुसुम छन् फूलबारी अनेक
खोला नाला प्रकृति पथ छन् नागबेली छ भेक
भाले बास्दै शुभशकुनका साथ खुल्छन् बिहानी
हाँसो पाल्दै मधुर सबका गुज्रिऊन् जिन्दगानी ।

जाडो मैलो शिशिर ऋतुमा गृष्ममा हुन्छ गर्मी
बढ्ने बाटो असल नभए बन्छ मान्छे अधर्मी
शिक्षा दीक्षा अमरपुरको लक्ष्यको मार्ग डुङ्गा
श्रेणी चढ्ने सुखसयलको दीप हो ज्ञान गङ्गा ।

(छन्द : मन्दाक्रान्ता )

*– महानन्द चोक, इलाम*

# शब्दमा बुबा

– झाँक्रीखोले



बुबा चिन्ने कसी छैन छैन छुट्याउने जन
मणि पत्थर वा शालिग्राम श्रीखण्ड भूषण
पति चिन्छन् स्वयम् आमा आकाश स्वर्ग कानन
परिभाषा कहाँ पुग्ला बुबा दृष्टि र दर्शन ।

आमालाई सुरक्षाको प्रत्याभूति दिने वर
रक्षाकवच बाबा हुन् बाबा जित्छन् स्वयंवर
बाबु खुसी भए राज्य पाइन्छ मुक्ति गाउन
आमाको दूध चुस्तैमा सकिँदैन अघाउन ।

पसिनाको धनी बाबु कर्ममा हुन्छ तागत
यो पृथ्वी कर्मको स्वर्ग भोगेर हुन्छ स्वागत
मृत्युका पछिको स्वर्ग खोज्ने बाबु यता सरून्
जिउँदा कालमै कुम्भीपाक तामिश्र ती तरून ।

नेपोलियन,विस्मार्क,मुसोलिनी भए बुबा
जमदग्नि, हरिश्चन्द्र,शुकरात भए बुबा
अवतारी थिए कृष्ण राम बुद्ध दुवै बुबा
महापुरुष हुन् हाम्रा पितृ वा देवता बुबा ।

उपल्लो जन्मको आशा नगरून् मृत्युका पछि
मुक्तिकै जन्म यो ठानी शान्ति खोजून् घुँडा धसी
मर्दका दस पत्नी हुन् सन्तान जन्मखातिर
भन्थे बाबु कुनै बेला भाग्यवादी थियो शिर ।

बाबु भए सबै सिद्धि पाइन्छ जातभातको
ब्रह्मा व्यास अरस्तु वा कालिदास प्रभातको
सूर्य सन्सार जस्ता हुन् बाबु हुन् लोक चालक
बाबु भन्दा ठुला बाबु हैनन् ईश्वर पालक ।

(छन्द : अनुष्टुप्)

*– दमक, झापा*

# भूप्रश्न

– टीका आत्रेय



को होला शीतको फूल उनेर हार लाउने
को होला वायुको रेशा सिएर वस्त्र लाउने
ढुङ्गाको देहको नौनी को हो पेलेर ल्याउने
आगाको फूलबारीमा झरीको गीत गाउने ।

माछाको घाउमा आफ्नै मुटु घोटेरचन्दन
औषधि कसले देला को बुझ्ला युग क्रन्दन
झण्डाको आँसुमा ऐना हेरेर देश भन्दछ
बन्द छन् आशका द्वार श्वासको द्वार बन्द छ ।

जन्मिनसम्म मान्दैनन् देशमा शिशुका स्वर
बगेर कौशिकी फेरि फर्किएको कहाँ छ र
बोकेको देशले गर्भ देशकै हुन्न सन्तति
सुत्केरी देश बन्दैछ उधारो जीर्ण बन्धकी ।

पानीको प्यास बोकेर बगेको दूरझैँ नदी
बगेको देशको आभा शक्ति सामर्थ्य उन्नति
थुनेर देशका ढोका ताल्चा मारेर को गयो
बुद्धको ज्ञानमा बुद्धि बिर्को टालेर को गयो?

को लेख्छ सुकिलो घाम सितारा जून जीवन
मागेर मृत्युको आयु को भर्छ शून्य आँगन
जोडेर प्राणका टुक्रा माटाको मुटु धड्किने
इन्द्रेणी वर्णमालाले को वात्सल्य सजाउने ?

चौतारी कसले भर्छ थकाइ मेट्न बस्छ को
को कोर्छ प्रेमले भाग्य हत्केलामा स्वदेशको
उज्यालो घामको आभा फक्रेर को उदाउला
युगको प्राण जन्मेर युगलाई हिँडाउला ?

(छन्द : अनुष्टुप्)

*– इटहरी, सुन्सरी*

# सुन्दर भूगोल समृद्ध संस्कृति



– टीका घिमिरे

कोशीका मृदु छाल ताल मधुरा लाग्छन् सुसेलीसरि
रुप्से निर्झर, गण्डकी मधुजला, मुस्ताङ, रारापरि
रोदीमा बटुलेर भाव मनका खुल्छन् सुनौला पल
गौरामा दिल बग्छ कल्कल यसै सानन्दले निर्मल ।

सारङ्गीसँगको मिठास मधुरो साट्दैछ गाउँघर
मुर्चुङ्गा मुरली र लोकलयको भाका अझै सुन्दर
सेलोसाथ अनेक संस्कृति कला पाखा पखेरा डुली
रत्यौली कति रम्य मान्छ दुनियाँ तृष्णा अनेकौं भुली ।

डाँफेको नवरङ्गझैँ प्रकृतिका रङ्गीविरङ्गी छटा
वर्षा बादलको छ रूप रमिता खुल्दै छ नीलो घटा
पोखिन्छन् जलधार फेरि पिपिरा उम्रेर भो उर्वर
पाखा पर्वत गाउँदैछ मधुरो मीठो असारे लय ।

सेतो अमृत शैलबाट चुहुने सम्भ्रान्त वक्षस्थल
थाप्छन् अञ्जुलि प्यास मेट्न तनको चोखो र मीठो जल
साच्चै स्वर्गसरी हिमाल छ उँभो छाया दिने शीतल
मोती दिन्छ मधेस स्वर्णिम धरा झुल्छन् वयेली तल ।

वैशाखी वनमा सजेर दुलही राता गुराँसे वन
पार्छन् रम्य पहाड इन्द्रपुरकै शोभा दिई कञ्चन
धर्तीकै सब दिव्यता बटुलिएझैँ ह्युँचुलीका तल
रानी काफलसाथ नित्य पहरा बस्छन् जुरे काफल ।

हावामै छ सुगन्ध चन्दन सरी माटो छ मोती दिने
भेटिन्छन् कुँदिएर पत्थर जहाँ जाज्वल्य ज्योति दिने
यस्तै छन् पहिचान, संस्कृति ,कला आफ्नो नचिन्दा तर
आयातीत सुसभ्यता जति पिउँ के प्यास मेटिन्छ र ?

*– पिपलबोटे, इलाम*

# नवयुवा



– ठाकुर शर्मा भण्डारी

धर्तीका यी प्रगति-गति हुन् सभ्यता-सृष्टि चुम्छन्
वासन्तीका चरण पहिला पुष्पिता-दृष्टि छुन्छन्
संसारीका चरण-रण हुन् पाइला शीघ्र चल्छन्
चिन्ता छाडी विधि-नियमले सिर्जना चुम्न पुग्छन् ।१।

चल्छन् आफ्नै कृति-विधिसँगै भोलिका कर्णधार
भाका आफ्नै सुख-सयलमा हर्ष देख्छन् अपार
रङ्गी-चङ्गी चटकमय हो सृष्टिको जिन्दगानी
घुम्दाघुम्दै फन-फन-धुरा रोकिने हुन् मधानी ।२।

यो संसारी मन-विपिनमा स्वप्नका फूल फुल्छन्
हुर्की-लर्की विटप-टप झैँ आश-झुप्पा नुहुन्छन्
छुट्ने छुट्छन् वरपर कतै जिन्दगी बन्छ साह्रो
यो वेलामा अबुझ नबनी नाघ्नुपर्ने तगारो ।३।

खामा हुन् यी दृढ नवयुवा भोलि यो देश बोक्ने
आँधी आऊन् विषम गतिका बार बेरेर बोक्ने
राम्रो बाटोतिर मन हुने जिन्दगी रम्य पार्छन्
कोही बेग्लै पथतिर भए जिन्दगी भार पार्छन् ।४।

ती पुर्जामा असमय खिया सर्वथा बस्नु-हुन्न
ती ऊर्जामा कुलत धमिरा बैँसमै लाग्नु-हुन्न
काँचो माटोसरि नवयुवा योग्य भै उठ्न सक्छ
बाटो भुल्दा अलिकति कतै काँच झैँ फुट्न सक्छ ।५।

चल्छन् धेरै नव-समयको माग उल्टो बनाई
यस्तो वेला समझ-बिचमा हुन्न केही रखाइ

के-के सोची भ्रमित मनमा कालिमा भित्र पस्छ
धर्तीभित्रै विकसित चराभावना-छत्र बुन्छ ।६।

साथीभन्दा अति गहकिला स्नेह राख्ने हजारौं
भेटिन्छन् है ! यदि सँग रहे जिन्दगी यो सपारौं
राम्रो बाटोतिर मन हुने जिन्दगी रम्य पार्छन्
कोही बेग्लै पथतिर हुँदै जिन्दगी भार पार्छन् ।७।

शिक्षा-दीक्षा नव-नव विधा सोच्नुपर्ने छ आफै
ठूला-साना जति पनि कुरा मान्नुपर्ने छ आफै
को हुन्छन् खै ! नव गणितमा आजको हुन्न ज्ञान
भन्छन् सारा युवक मन हुन् देशका उच्च सान ।८।

मान्छेको हो सब समझ यो चल्न सक्ने भविष्य
अर्काको भै किन पछि हुने मार्ग खुल्छन् अवश्य
भित्री आँखा श्रम-मुख भए अन्त जाने कहाँ छ ?
राम्रा-राम्रा गतिविधि भए स्वर्ग भन्ने यहीँ छ ।९।

*– धुम्बाराही, काठमाडौं ।*


## जीतपुर–सिमरा उपमहानगरपालिका
## वडा नं. २ को कार्यालय, सिमरा, बाराको

### अनुरोध

- जन्म, मृत्यु, विवाह, बसाई-सराई र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू भएको ३५ दिनभित्र सम्बन्धित वडामा गई व्यक्तिगत घटना दर्ता गराऔं ।
- सार्वजनिक सम्पत्तिका संरक्षण गरौं र संरक्षण गर्न वडालाई सहयोग गरौं ।
- आफ्ना घर आँगनबाट उत्पन्न हुने फोहोर मैलालाई उचित व्यवस्थापन गरी सहरलाई स्वच्छ, सफा, सुन्दर हराभरा बनाउन सहयोग गरौं ।
- वडालाई बुझाउनुपर्ने घर-जग्गा कर, मालपोत दस्तुर, व्यवसाय कर, सम्पत्ति कर लगायतका कर तथा राजस्व समयमै बुझाई जरिवानाबाट बचौं ।
- तपाईंले तिरेको कर वडाको विकास निर्माणका लागि खर्च हुन्छ ।
- आवश्यक जानकारीका लागि कार्यालयमा सम्पर्क गरौं ।
- डेंगी रोगबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

# मेरा बितेका दिन



– डिल्लीराज अर्याल

माटामा कति खेलियो कति धुलो माडी रमाईकन
हाँगामा कति खेलियो कति सबै छाडी नुघाईकन
खोलामा कति खेलियो कति डुबी पौडी, नुहाईकन
टोलामा कति खेलियो कति लुकी कौडी घुमाईकन ।

खेल्यौं खूब मिली जुटी चउरमा डण्डीबियो टाकुरे
खेल्यौं खूब खुली, जुटी डहरमा छुत्ती, धुलेरी, कुरे
खेल्यौं खूब भुली, बसी बगरमा, गट्टा, घिसेरी चले
खेल्यौं जीवन-खेल बुझ्न नसकी, छल्ने गरे खेलले ।

घोलामा, वन, खेतमा, चहुरमा खेली खुशी पाउन
नास्पाती,अमिला, फँडेर, जमुना खोजेर थुर्प्याउन
साथीभाइ र इष्टमित्र सबका सुन्दै कुरा ती दिन
हाम्रा बित्न गए, गलेन श्रमले थाकेन हाम्रो तन ।

बाआमा मनले पढाउन भनी खोज्दै गए जो रिन
चुर्लुम्मै त्यसले डुबाउन गई हाम्रो बित्यो जीवन
मैले गर्नु परेन काम, रिनको पीडा बुझी आर्जन !
के पढ्थें पढिएन, हो डुबिरह्यो मात्रै कुरामा मन ।

पढ्नेका शिरमा त्यही ऋण रह्यो जेजे नपढ्नेसित
तिर्ने छैन बुता भनेर ऋणको वास्तै नराखूँ कि त
मैले खोज गरें बुझें ऋण बढ्यो,तिर्ने ऋणी हो कुन
तिर्ने शक्ति भएन नै यदि भने मैले सकार्ने किन?

मैले हुन्न सकार्न यो यदि भने मैले पढूँ के अब?
मैले छोड्दछु पढ्न नै यदि भने मैले सकारूँ ऋण?
यस्तै दोमन हुन्छ भित्र मनमा कस्तो गरूँ निर्णय?
बोकाउन्न म बोझ सोच छ यही बन्थें म के निर्भय?

सोच्दै हुन्छु म आज बालवयका मेरा पुराना दिन
खोज्दै हुन्छु म फेरि बालवयका क्रीडा तिनै सम्झन
भित्री चाह अझै यही छ मनमा पाऊँ त्यही जीवन
त्यो आनन्द, मिठास त्यो, मन उही चाहन्न यो जीवन ।

*– पाल्पा, हाल : काठमाडौं*

# युवा

- देवु लुइटेल



युवा हुन् देशका खम्बा
हुन् पूर्ण  देशको भर
युवा सामर्थ्यले मात्रै
दरिलो बन्छ रे घर ।

चन्द्र सूर्य ध्वजा बोकी
आमाला हँसाउँछन् युवा
हिमाली देशको गाथा
विश्व फिँजाउँछन् युवा ।

बाँझो यो धरती फोर्छन्
मणि माणिक्य झिक्दछन्
युवा तागतले माटो
स्वर्ण पार्छन् जगाउँछन् ।

युवाका हात धर्ती हो
श्रम या सीप फुल्दछ
सिर्जनाका सयौं बाटा
युवा आफै निकाल्दछन् ।

धर्तीका घाम हुन् न्याना
प्रकाशपुञ्ज हुन् युवा
सम्भावना चुली अग्ला
राष्ट्रका धुक्धुकी युवा ।

युवाले ज्ञानका नौला
सुनौला द्वार खोल्दछन्
धर्तीमा सुखको वर्षा
युवा वादल पार्दछन् ।

युवा जम्बा, युवा गाह्रो
युवा हुन् देशका बल
युवाकै काँधमाथि छ
राष्ट्रको धमनी स्वर ।

माहुरी हुन् युवा शक्ति
घारमा रस भर्दछन्
नौला रस र  आशामा
धर्ती सुन्दर पार्दछन् ।

(छन्द : अनुष्टुप)

*– तेह्रथुम*

# प्रकृति



– देवेन्द्र खरेल

नसोच्नू नदीमा बगेको छ पानी
बगेको छ हाम्रोसँगै जिन्दगानी
छ श्रीपेच सेतो खुसी छन् हिमाल
यहीँ अप्सरा स्नान गर्ने छ ताल ।

नदी बग्दछिन् शान्तिको सास फेर्दै
बसे व्यासजी वेदका मन्त्र कोर्दै
सयौँ ताल, खोला र पाखा पखेरा
उघारेर ढोका धरामा बसेका ।

यहाँ नाँच्छ डाँफे पखेटा फिँजाई
यहाँ देव झर्छन् स्वयं भुल्नलाई
तराई छ मैदान बाली छ धेरै
बगैँचा छ आफ्नै र भण्डार मेरै ।

छ निर्माण सामर्थ्य ढुङ्गाहरुमा
सिँगार्ने कला फूलथुङ्गाहरूमा
नदी भन्दछिन् टारमा पोख आऊ
मभित्रै छ ऊर्जा मलाई समाऊ ।

जहाँ कोइली गीत आलाप भर्छ
त्यहाँ पौरखीले स्वयं नृत्य गर्छ
कसैले यही स्वर्गको तुल्य मान्छन्
घुमी घाम तापी स्वयं इन्द्र जान्छन् ।

(छन्दः भुजङ्गप्रयात)

*– चौरी देउराली ८, काभ्रे*

# वर्तमान हामी



– देवेन्द्र लम्साल

कोठाभित्र पसौं लडौं बरु त्यहीं माझौं मजाले मन
हामी दुःख र कष्टबाट बिउँझौं बाडौं दुःखैको धन
आफैभित्र पसौं बसौं तपगरी निर्क्यौल यौटा झिकौं
मान्छेलाई सुमर्नु योग्य गुण त्यो चाहिन्छ के के सिकौं ।

झुप्रा आरनमा बसौं घनघसौं खारौं तिखारौं मन
भोकामा जठराग्निमा मन हुलौं हेरेर छाँटौं पन
हामी जीवनका जटा जटिलका आलम्व हौं यो बुझौं
वत्ती छैन भनेर जून नकुरौं गन्तव्य संझौं कुदौं ।

वर्षामा नभनौं झरी भल हिलो फड्कौं हिंडौं छिट्छिटो
जाडोमा पसिना झिकू बल गरूँ निर्माणमा प्रीतिको
गर्मीमा नभनौं प्रचण्ड छ कडा रश्मी सिधा सूर्यको
खाँचो आज छ जोस होस दुइकै सौन्दर्यको धैर्यको ।

हामी जीवनका कला स्वजनका हामी सबै कीर्तिका
हामी द्वन्द्व र युद्धका उपज हौं हामी सबै प्रीतिका
हामी सत्व हिमांशका प्रकृतिका हामी एकै सृष्टिका
हाम्रो चाख र चाहना प्रगति हो यौटै सबै दृष्टिका ।

हामी पाण्डव पक्ष कृष्णातिरका अन्यायका विप्लवी
हाम्रो शक्ति सुएक भै अघि बढे जाला अँध्यारो ढली
साँढे घाँस बुझी मुना नचुडलोस् आकाश छुन्छौं उठी
आफ्नै भाइ र बैन्हि शत्रु नबनुन् संसार फेर्छौं जुटी ।

(छन्दः शादूर्लविक्रीडित)

*– ज्याग्दीखोला स्याङ्जा*

# पच्चिसी



– नुरज भट्टराई नदी

प्राणीमा उच्च हो मान्छे विवेकी पनि हो सदा
नारीको रूपभौँ खुल्ने मोतीको हार हो सदा
लोहा पोल्ने त अर्कै हो देख्नेले स्वर्ण भन्दिऊन्
उच्चता स्वर्णको भन्दा हीरामा जब गन्दिऊन ।

निहु हो एउटा मृत्यु सबै प्राण समान छन्
सम्पत्ति ज्ञानको दम्भ कलेवर करार छन्
उत्कृष्ट हुनुमा मान्छे विद्वत्ताभित्र जोश हो
मैदान रणको माझ शत्रु जोड्ने समास हो ।

काम वा कामको अर्थ निष्ठाले मात्र बुझ्दछ
प्रतिष्ठा चाहने व्यक्ति पसिना नै बगाउउँछ
विशेषता हुँदा राम्रा  व्यक्ति व्यक्तित्व श्रेष्ठ छन्
रसिला आँपका दाना भन्दा ती वृक्ष खास छन् ।

देख्दा सतह राम्रो हो जहाँ भौतिक लेप छन्
अघोरी रूपमा कालो सँगै विशिष्ट ज्ञान छन्
भित्री त्यो चेतना हाम्रो विषामृत सँगाल्दछ
सुधा वा विषको भाँडो चिनी उचाल्नु पर्दछ ।

बँचाइ दुइटा हुन्छन् चोला मनुष्यमा पनि
स्थायी जो बाँच्न चाहन्छन् उही अमर चाँदनी
कवि हुन् कविका भ्राता भावना, तथ्यकल्पना
बोकेर हिँड्दछन् भाव मसी त्यो कलमी छटा ।

कर्मका भेद छन् धेरै  सृजना पनि एक हुन्
शब्दको बीज रोपेर शब्दमै लीन बन्दछन्
स्रष्टाद्रष्टा न हुन् पन्छी स्वतन्त्र परिवेशमा
लेख्छन् काव्य र आख्यान रमाउँछन् समाजमा ।

देवकोटा तिवारी वा रिमाल समका घडी
रमाएकै थिए पैले नरमी रसना सरि
कोइराला दुवै आए आए प्रधान तीन भै
आए भट्ट र आचार्य ती शेरचन राग भै ।

आइन् ती वाइवा विष्णु आए बल्लभ ईश्वर
राई वा काँइला आए कटुवाल धुरन्धर
आ-आफ्नै धूनमा लेखे दिए अथाह वैभव
नेपाली हारको माला सुम्पिए एक मङ्गल ।

न ईर्ष्या रोषको दोष न थियो आङ्कुसे कतै
माटो सुगन्ध पोतेर हिँड्थे स्रष्टा जताततै
नभन्नोस् लेख यो वा त्यो मैले उडान भर्नु छ
मेरो हो सपना प्यारो मैले उचाइ चुम्नु छ ।

मेरो सिद्धान्त यस्ता छन् विधि पद्धति खास हो
पाइन्छ भन्न- "सोच्नोस् है !" पाइन्न कोच्न भास हो
एक हुन् भगवान् सारा बाटो फरक नाम हुन्
सबैले पूज्दछन् ईश गर्ने नै एक काम हुन् ।

साहित्य बाग हो यौटा यहाँ हजार फूल छन्
चिमाल रोज्दछन् कोही कोही गुलाफ रोज्दछन् ।
विराए कर्मको बाटो फर्काऊ सत्यतातिर
नहाल किन्तु बाधा त्यो यात्रा नै रोक्न खातिर ।

इच्छाले चुम्दछन् आत्मा लिपिले जोड्छ अक्षर
खेती हो सबको बाँच्ने शब्द छैनन् निरक्षर ।
रुवोर्भौं दिलमा घाउ नलाऊ देह मर्दछ
डाली त्यो फूलको भाँची नरोप प्राण भर्दछ ।

यो लोकतन्त्र हो मित्र ! स्वतन्त्रता छ देशमा
आफू नायक बन्दैमा अरू नसम्झ दोषमा !!

*– सूर्योदय नगरपालिका -१०, फिक्कल , इलाम*

# धर्तीको चिता



– पुण्य चौँलागाईं

चिता हुर्केर बल्दैछ अभयसित बेसरी
खित्का छोडेर हाँस्दैछ हिजोभन्दा अझै बढी
चितामाथि छ यो धर्ती निभाउने छ के कडी
तिमी आज भए लेख्थ्यौ कस्तो काव्य शिरोमणि ?

"मै खाऊँ अनि मै लाऊँ" भन्नू हुन्न भनी भनी
साझा हो दुनियाँ भन्दै मन्त्र फुकेर बेसरी
नारा बेच्नेहरूबाटै बेचियो दुनियाँ अनि
योजनाबद्ध चिताको सल्कियो अग्नि दन्दनी ।

अट्टहास गरी हाँस्छ आज युक्रेनको चिता
मान्छेका मनमा साँच्ने माया छैन कसैसित
मान्छेमाथि चिता हाँस्छ अर्थ बुझ्दैन क्वै पनि
सिङ्गै धर्ती चितामाथि बलिरहेछ दनदनी ।

मिलिजुली बसेका छन् जङ्गली वनका चरी
मान्छे, मान्छेहरुबाटै लुक्नु पर्ने कठैवरी
के रोप्यो बीज मान्छेले आफैँदेखि डराउँछ,
सुत्न दिँदैन को आइ निन्द्रैमा बर्बराउँछ ?

देखादेखी हिजो थुन्थे फलामे पिँजडा थियो,
"गोपी कृष्ण कहु" भन्दै अहोरात्र ऊ थुन्यो ।
बद्लियो आज त्यो पर्दा बद्लियो मात्र दासता
सुनको पिँजडाभित्र बन्दी भो बबुरो सुँगा ।

किन ढुङ्गो भयो मान्छे मूल सुक्यो अहो ! किन
मान्छेभित्र हुनु पर्ने मान्छे खोइ ? म देख्दिन
मान्छे ब्युँझाउने तत्त्व के होला अथवा कडी ?
तिमी आज भए लेख्थ्यौ कस्तो काव्य शिरोमणि ?

(छन्द : अनुष्टुप्)

*– प्रगतिचौक, इटहरी-९, सुनसरी*

# सम्पन्नभित्रको कमी



– प्रतिभा पौडेल

सानाको दुःख सानै छ ठुलालाई ठुलै भयो
गच्छे हेरेर साराको पछि लाग्छ कि दुःख यो
धनले मनले के ले ? धनी बन्दछ मानिस
धन देख्दा स्वयं अन्धो पनि बन्दछ मानिस ।


भरिँदैन चुही जान्छ धनले रिक्त खाडल
मनैले सम्म पार्ने हो जिन्दगीको धरातल
दुःखीका आँसु देखेर रसाएन भने मन
तिम्रो सम्पन्नता तिम्रो हुन्छ धिक्कार जीवन ।

धनीका छेउमा बस्दा होइँदैन सबै धनी
सम्पन्न देशमा बस्ने सबै हुन्नन् सुखी पनि
भला ती सुखमा होलान् खुसी हुन्नन् सबै तर
पाइँदैन खुसी किन्न सुविधाले सरासर ।


नहोला सुविधाभित्र शान्तिको मलिलो जिमी
अन्दाज गर्न को सक्ला सम्पन्नभित्रका कमी
जत्ति नै शक्तिशाली होस् देशको अर्थ वैभव
धनी गरिवका माझ गहिरो हुन्छ खाडल ।

*– इलाम*

**अनुसन्धान विमर्श नेपाल, बागबजार काठमाडौँद्वारा प्रकाशित 'महाकवि देवकोटाका समग्र निबन्ध'अब एउटै पुस्तकमा उपलब्ध छ, सङ्कलन गर्न नभुल्नु होला ।**



# नवप्रज्ञापन यात्रा



– प्रह्लाद पोखरेल

नवप्रज्ञापन गरी, भरी साहित्यको रस
निरन्तर गऱ्यो जल्ले गीत-गायन कोरस
विधा अनेकौँ रोजेर हटाई दुविधा तर
यात्रामा होमिँदा पायो अस्तित्व अजरामर !

हिँड्दै छ दूर ताकेर अनगिन्ती सखासित
साहित्यकार छन् यात्री साथ पाई सुरक्षित
एद्देश्यपूर्ण होस् यात्रा मिलोस् गन्तव्य उन्नत
गर्ने वाङ्मयको सेवा बनोस् लक्ष्य समुन्नत !

असन्तुलित उक्लाइ नहोओस् उक्लिँदा पनि
यो सन्तुलनको मात्रा ठिक्क होस् ओर्लिँदा पनि
तेर्सोमा लम्किँदा चाँडै चलून् सक्षम पाइला
बिसौनी पुग्न ताकेको ढुङ्गामा नहओस् ढिला ।

गीत होस् कविता-काव्य या निबन्ध, कथासित
पाई नाटकको साथ बनोस् यात्रा समन्वित
साथसाथै हिँडून् फेरि सम्यक् आलोचना पनि
अन्तर्वार्ताहरूसाथ चलोस् सानन्द जीवनी !

*– खोटाङ, हाल काठमाडौँ*

- न स सखा यो न ददाति सख्ये । (ऋग्वेद, १०।११७।४) जसले साथीलाई सहायता गर्दैन त्यो मित्र होइन, त्यो मित्र नभएर सहयात्री मात्र हुन्छ ।
- उप सर्प मातरै भूमिम । (ऋग्वेद, १०।१८।१०) मातृभूमिको सदैव सेवागर्नुपर्दछ ।

# ढाकाटोपी

– बिन्दु दहाल मूकदर्शक



सधैँ ढाकाटोपी शिरमुकुटझैँ लाउन सके
सबै नेपालीले जय जय भनी गाउन सके
सबै बाँच्छौँ हामी युग युग धरासेवक बनी
यही टोपी लाई अब सब बनौँ सुन्दर धनी ।

रुघामर्की खोकी पर पर यही पार्दछ बुझौँ
यही टोपी हाम्रो शिरकवच सम्झीकन पुजौँ
सभा या मेलामा शुभ लगनमा अन्य समय
छ यो साह्रै प्यारो रसिक जनको हर्दछ भय ।

बढाई मर्यादा बुधजनबिषे इज्जत दिने
यही टोपी नै हो परिचय दिई माथ सजिने
प्रतिष्ठामा आभा झटपट थपी सौम्य बनिने
लगाए संस्कारी सकल जन यी सभ्य गनिने ।

गरौँ टोपीलाई मनमुटु दिई प्रेम अहिल्यै
लगाएमा टोपी वदन हँसिलो पार्छ जहिल्यै
पितापुर्खाको हो उपज अझ नासो सरह यो
यही नै हो हाम्रो मृदुलित हियो प्रज्वल दियो ।

सबैले टोपीमा रसरङ बढाऔँ सुजन हो
बुढापाका वृद्धा युवक युवती हे सुमन हो
लगाऔँ टोपी यो हरपल यहाँ स्वस्थ बनिन
सबैका सामुन्ने सुरभित हुँदै गौरव लिन ।

(छन्द : शिखरिणी)

*– दमक ८, झापा*

# हामी चुकेका किन



– **भावकेशर बराल**

आगो जीवन हो तथापि अहिले बल्दैन आगै किन ?
पानी शीतलता दिँदैन अहिले जल्दै छ आफै किन ?
माटो उर्वर छैन आज धरती सुख्खा मरू झैँ भयो
हावामा पनि छैन प्राण किन हो सारा विषाक्तै भयो !

सारा सागरका मुहान रसिला थप्ला झुकेका किन ?
गाउँका अनमोल रत्नसरिका पाखा सुकेका किन ?
बास्ना छैन सुगन्धहीन छ सबै  मानौँ धुपी चन्दन
शोभाहीन छ फूल, कान्ति किन हो छाड्दै छ यो नन्दन !

कर्मै हो जनको सुपूजन यहाँ कर्मै भुलेका किन ?
मानौँ धर्मविहीन हुन् अब सबै धर्मै भुलेका किन ?
मान्छेमा पनि छैन मानवपना लाग्दै छ यै दानव
दुःखीका पसिना पिई घटघटी बन्ला र क्वै मानव ?

मान्छे हुन् गरिमा स्वयं जगतको भन्ने भुलेको किन
मान्छे पालक हो चराचर धरा मास्दै हिँडेको किन ?
स्वार्थी भो दुनियाँ अराजक सबै उस्तै छ है दुर्दिन
यस्तै चाल रहे नराधम भए  के आउलान् सुःदिन !

आऊ वीर सपूत निस्क रणमा भाग्दै लुकेका किन ?
पुर्खा वीर थिए, थिए सबल ती हामी चुकेका किन ?
गर्नै पर्छ भला सुकाम जनले सानै नहोस् त्यो तर
मान्छे नै अब बन्नुपर्छ धरणी, प्राणी सबैको भर ।

(छन्द : शार्दूलविक्रीडित)

– *सिन्धुली*

# लौ न युवा हो



– भूपाल अधिकारी

सधैँ ढाकाटोपी शिरमुकुटझैँ लाउन सके
सबै नेपालीले जय जय भनी गाउन सके
सबै बाँच्छौँ हामी युग युग धरासेवक बनी
यही टोपी लाई अब सब बनौँ सुन्दर धनी ।

रुघामर्की खोकी पर पर यही पार्दछ बुझौँ
यही टोपी हाम्रो शिरकवच सम्झीकन पुजौँ
सभा या मेलामा शुभ लगनमा अन्य समय
छ यो साह्रै प्यारो रसिक जनको हर्दछ भय ।

बढाई मर्यादा बुध जनबिसे इज्जत दिने
यही टोपी नै हो परिचय दिई माथ सजिने
प्रतिष्ठामा आभा झटपट थपी सौम्य बनिने
लगाए संस्कारी सकल जन यी सभ्य गनिने ।

गरौँ टोपीलाई मनमुटु दिई प्रेम अहिल्यै
लगाएमा टोपी वदन हँसिलो पार्छ जहिल्यै
पितापुर्खाको हो उपज अझ नासोसरह यो
यही नै हो हाम्रो मृदुलित हियो प्रज्वल दियो ।

सबैले टोपीमा रसरङ बढाऔँ सुजन हो
बुढापाका वृद्धा युवक युवती हे सुमन हो
लगाऔँ टोपी यो हरपल यहाँ स्वस्थ बनिन
सबैका सामुन्ने सुरभित हुँदै गौरव लिन ।

(छन्द : शिखरिणी)

*– दमक ८, झापा*

# प्रकाश छर



– **मचिन्द्र खत्री**

जनजनका प्रहार अति छन् न रुन्छ यो
ऋण धनका बखान कति छन् न सुन्छ यो
छ छ सरकार यो बुझ सखे अझै यहाँ
जय जयको छ यो विजय वीरता जहाँ ।

घरघरका जहान कति छन् कहाँ कहाँ ?
वरपर छन् हजार हरि छैन यो यहाँ
रहर हजार मनका मरे कति ?
प्रहर बिते पुकार मनका रहे कति ?

तर पनि जीवनी अमर लेख मित्र हो
पलपल जीवनी अजर दृश्य चित्र हो
कवि बन या नलेख कविता कथाहरू
कृति कृतिकार भर्छ मनका व्यथाहरू ।

नलुक तिमी समाज जनमा छ गर्नु यो
मगमगको सुवास जनमा छ छर्नु यो
तर उपदेश यो नबुझ मित्र सज्जन
कृति छर देशमा असल दिव्यको धन ।

रवि शशि हेर ती गगनमा प्रकाशका
झलझल ज्योति जग्मग सदा निकाशका
किन गुरु खोज्छ मानिस यहाँ कुरा बुझे
प्रकृति र ईशका नजिकमा सँगै बसे ।

(छन्द : प्रभद्रक)

*– धरान, सुनसरी*

# सुन्दर थात



– रमेश पन्त मीतबन्धु

नेपाल मेरो घर हो पवित्र
टल्किन्छ आभा मनमा सचित्र
मेची र काली तनका सिमाना
खोला र नाला जसका दिवाना ।

आकाश चुम्दै चुलि छन् चुलेका
वेली चमेली तनमै फुलेका
मौरा भमौरा पुतली डुलेका
गुराँस राता वनमा फुलेका ।

कोर्दैछु प्यारो मन भित्र चित्र
बस्नेछ नेपाल सधैँ म भित्र
राति सुनौलो सपना उघारी
घुमिरहेका वनखेत वारी ।

हो वीरको रक्त यहाँ बगेको
गर्नेछु सम्मान मैले सकेको
छेक्नेछु वैरी नर होस् न कस्तै
पर्खाल बन्नेछु पहाड जस्तै ।

हिमालको सुन्दर दृश्य हेर्दै
बुद्धत्वको सत्य विचार छर्दै
जुटौँ सबै मानवता जगेर्न
उठौँ सबै सुन्दर थात हेर्न ।

(छन्द : उपजाति)

# कमल



– डा. रमेश शुभेच्छु

ताल आश्रित साराले
छोड्छन् ताल सुक्यो भने
कमल तालमै बाँच्छु
मर्छु ताल सुक्यो भने ।

मरो देश ठुलो ताल
म हो कमल तालको
म फुल्छु देशकै साथ
वैलन्छु टिप्न सक्छ को ?

मलाई लोभ देखाई
मन्दिरमा चढाउने
लान सक्तैन क्यै यात्री
म हुँ ताल सजाउने ।

यो ताल जत्तिको शान्त
गाउँ छैन कतै पनि
सहर होस् कि दर्बार
ठाउँ छैन कुनै पनि ।

यो ताल जत्तिको चाक्लो
क्षेत्र छैन कतै पनि
मलाई जिउँदै राख्ने
श्वास छैन कतै पनि ।

म फुल्छु तालमै रम्छु
तालकै साज गर्दछु
जस्तो दुःख परोस् हाँस्छु
हिलामा मुस्कुराउँछु ।

हिलाको वस्तु हो ठानी
हेप्छन् कोही म हाँस्दछु
हिलो छ्याप्नेहरूलाई
मुस्कुराई गलाउँछु ।

(छन्द : अनुष्टुप्)

*– पाँचथर, हाल : टीकाथली, ललितपुर*

# युवाष्टक



– रमेश समर्थन

युवा हुन् राष्ट्रका शक्ति, भक्ति, मुक्ति र जागृति
युवा विकृतिका शत्रु युवामै जाग्छ संस्कृति
नजागेसम्म यो पुस्ता देश जाग्दैन सत्य हो
राष्ट्रनिर्माणमा लाग्ने युवा मात्र अकाट्य हो ।

युवाको बोलीमा गुँज्छ तीव्र हुङ्कार गर्जन
युवा गर्जिदिँदा हुन्छ अन्यायी मुटु कम्पन
पसिना रक्त के हो र ज्यान अर्पेर उठ्तछन्
नवनिर्माणका निम्ति युवाकै हात जुट्तछन् ।

यिनको मौनता बोल्छ बोली गर्जिन्छ बेसरी
यिनी जागे भने जाग्छ जऱ्याक्जुरुक्क केसरी
यिनकै काँधले बोकी देश माथि उठाउने
यिनैका जोसले अग्ला पहरा हुन् फुटाउने ।

बिती शरदको याम वसन्त अब आउँछ
बागको बिरुवा जाग्छ नवजागृति पाउँछ
फुल्छन् समय पाएर कोपिला पनि घाममा
युवाले युग फेर्दिन्छन्, जोर्दिन्छन् हात काममा ।

नवावतार हुन् हाम्रै हामी नै हुन् भनी बुझे
आत्मविश्वास जाग्नेछ युवाका भावना पढे
हरेक युगका स्रष्टा, द्रष्टा, कर्ता र कर्म हुन्
युवा नै युगका चेष्टा, धारणा अनि धर्म हुन् ।

युवाको भरमा देऊ देशको बागडोर यो
युवाका काँधले थाम्छन् राष्ट्रनिर्माणको बिँडो

अविश्वास हटाएर विश्वास यिनमा गरौँ
जे गर्छन् यिनले गर्छन् यिनैका भरमा परौँ ।

नयाँ सोच, नयाँ जोस, नयाँ होस सबै नयाँ
नयाँ प्रविधिका साथै योजना हुन् अझै नयाँ
नयाँ युवा, नयाँ मार्ग, नयाँ यात्रा र लक्ष्य होस्
युवामा देशको सेवा गर्ने दृष्टि र दृश्य होस् ।

यिनी हुन् शीतका घाम खडरीमा त वृष्टि हुन्
यिनै हुन् सृजना राम्रा हाम्रै सुन्दर सृष्टि हुन्
बिहानी सूर्यझैँ आई तात्नेछन् जब यी युवा
सुकेका पात झर्नेछन्, लाग्नेछन् नवपालुवा ।

(छन्द : अनुष्टुप्)

– *सृजनागृह, मङ्गलापुर, रूपन्देही*


**जीतपुर–सिमरा उपमहानगरपालिका**
**वडा नं. ७ को कार्यालय, जीतपुर, बाराको**

**अनुरोध**

- जन्म, मृत्यु, विवाह, बसाई-सराई र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू भएको ३५ दिनभित्र सम्बन्धित वडामा गई व्यक्तिगत घटना दर्ता गराऔं ।
- सार्वजनिक सम्पत्तिका संरक्षण गरौं र संरक्षण गर्न वडालाई सहयोग गरौं ।
- आफ्ना घर आँगनबाट उत्पन्न हुने फोहोर मैलालाई उचित व्यवस्थापन गरी सहरलाई स्वच्छ, सफा, सुन्दर हराभरा बनाउन सहयोग गरौं ।
- वडालाई बुझाउनुपर्ने घर-जग्गा कर, मालपोत दस्तुर, व्यवसाय कर, सम्पत्ति कर लगायतका कर तथा राजस्व समयमै बुझाई जरिवानाबाट बचौं ।
- तपाईंले तिरेको कर वडाको विकास निर्माणका लागि खर्च हुन्छ ।
- आवश्यक जानकारीका लागि कार्यालयमा सम्पर्क गरौं ।
- डेंगी रोगबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

# रुँदैनन् क्रान्तिका स्वर



– डा. रामप्रसाद ज्ञवाली

मेरा मित्रहरू मेरो छेवैमा बस्दछन् अनि
गुनासा प्युँदछन् खान्छन् गुनासै पोख्दछन् पनि
"बिहानी भैसक्यो भन्थे देखिँदैन कतै पनि ?"
भन्छन् चिच्याउँछन् रुन्छन् देखाउँछन् व्यथा पनि ।

आँखामा वेदना भर्छन् आँतमा क्रोध भर्दछन्
वितृष्णा मनमा भर्छन् शब्दमा रोष भर्दछन्
औंला ठड्याउँछन् बोल्छन् चर्को स्वर गरी गरी
"त्यो खाते ! दुष्ट ! हत्यारा ! चुसाहा ! भ्रष्ट ! पातकी !"

म देख्छु तिनमा पीडा छट्पटी पनि उत्तिकै
उत्तेजित असन्तुष्ट आक्रोशित निकै निकै
हो साथी ! वेदना तिम्रो सच्चा छ घामझैं तर
काँडामा पनि फुल्दै छन् फूल सुन्दर, हैन र ?

हो चारैतिर दुर्गन्ध फैलिएको छ डङ्गुर
दुर्गन्ध सुँघ्नुले मात्र फैलिएला सुगन्ध र ?
हो "विजेता"हरू भन्ने धेरै कृतघ्न छन् तर
धारे हात उचाल्दैमा समस्या हल हुन्छ र ?

जान्यौं आलोचना गर्न बुझ्यौं धेरै कुरा तर
बुझेकै भरमा मात्रै भूमि उर्वर बन्छ र ?
हो दरिद्र भयौं हामी ठगिँदै छौं निरन्तर
परन्तु आँसु झार्दैमा गरिबी दूर हुन्छ र ?

हो विश्वास ढले केही के हामी पनि ढल्दिने ?
हो आस्था टुक्रिए केही के हामी पनि टुक्रिने ?
मृत्युले जिन्दगीलाई अन्माएको कहाँ छ र ?
रातले घामको न्यानो जन्माएको कहाँ छ र ?

किन सोच्छौ "कुनै छैनन्  समाधान यहाँ दिन ?"
"मरिसके सबै मान्छे " जस्तो सोच्छौ तिमी किन ?
मरेको छैन हो मान्छे ! भ्रम यो कसरी पऱ्यो ?
तिमी ज्युँदै म ज्युँदै छौँ ! खै मान्छे कसरी मऱ्यो ?

समस्या भन्नु नै हुन्छन् समाधान निमित्तमा
ज्युँदा मान्छेहरू भिड्छन् समस्यासित निर्मम
मुर्दा चिहानमा बस्छन् ज्युँदा बनाउँछन् घर
आँसुमा बरु पौडिन्छन् रुँदैनन् क्रान्तिका स्वर !

आउनोस् बदलौँ राष्ट्र  बदलिऔँ स्वयं पनि
गरेमा गर्न चाहेमा नहुने के कुरा छ नि ?
आयु सीमित हाम्रो छ, अनिश्चित छ जीवन
गरौँ यो जिन्दगीलाई राष्ट्रनिम्ति समर्पण !

(छन्द : अनुष्टुप्)

*– गुल्मी , हालः काठमाडौँ*


**जीतपुर–सिमरा उपमहानगरपालिका**
**वडा नं. २१ को कार्यालय, अमलेखगन्ज, बाराको**

**अनुरोध**

- जन्म, मृत्यु, विवाह, बसाई-सराई र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू भएको ३५ दिनभित्र सम्बन्धित वडामा गई व्यक्तिगत घटना दर्ता गराऔं ।
- सार्वजनिक सम्पत्तिका संरक्षण गरौं र संरक्षण गर्न वडालाई सहयोग गरौं ।
- आफ्ना घर आँगनबाट उत्पन्न हुने फोहोर मैलालाई उचित व्यवस्थापन गरी सहरलाई स्वच्छ, सफा, सुन्दर हराभरा बनाउन सहयोग गरौं ।
- वडालाई बुझाउनुपर्ने घर-जग्गा कर, मालपोत दस्तुर, व्यवसाय कर, सम्पत्ति कर लगायतका कर तथा राजस्व समयमै बुझाई जरिवानाबाट बचौं ।
- तपाईंले तिरेको कर वडाको विकास निर्माणका लागि खर्च हुन्छ ।
- आवश्यक जानकारीका लागि कार्यालयमा सम्पर्क गरौं ।
- डेंगी रोगबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

# फर्जी सपनाका सम्राटहरू



– रुद्र ज्ञवाली

काण्डै काण्ड र दाउपेच घटिया जो देशमा रच्दछन्
छिर्के हान्न कुरेर दाउ जहिल्यै गौँडा कुरी बस्दछन्
बोलीमा विष घोल्दछन् जहरले सञ्जाल जो भर्दछन्
त्यस्तै भाटहरू पुजेर भजने हो देवता भन्दछन् ।

भाग्छन् सङ्कटमा विदेशतिर जो काँप्दै लुकी थर्थरी
बक्छन् देश विरुद्धमा मनपरी घृणा वितृष्णा भरी
फर्कन्छन् जब देशमा गजबका फर्जी कथा हाल्दछन्
त्यस्तै भाषणमा झुमेर भजने हो देवता भन्दछन् ।

ढोंगी पूजित छन् उपेक्षित जहाँ छन् राष्ट्रका रक्षक
छन् अग्रासनमा ठुटे नकचरा दुर्वाच्य उत्पादक
बेची नैतिकता सधैँ जमिरको व्यापार जो गर्दछन्
त्यस्तै स्वाँठ जपेर अन्ध भजने हो देवता भन्दछन् ।

मिच्दै साँध पस्यो अजिङ्गर यतै क्वाप्पै निल्यो लिम्पिया
चिन्ता छैन छ ध्येय केवल मिलोस् मिल्दै रहोस् फाइदा
मिच्दा देश चुइँक्क बोल्न नसकी जो दास झैँ बस्दछन्
तिन्कै सेवक अन्धभक्त भजने हो देवता भन्दछन् ।

आएमा छिँक मात्र दक्षिण कुनै पश्चिममा धाउँछन्
चाटी चाट जुठो सभक्ति प्रभुकै गाथा रची गाउँछन्
काढ्दै हुर्मत सार्वभौम हकको जो दिल्लगी गर्दछन्
त्यस्तैका पिछलग्गु धूर्त भजने हो देवता भन्दछन् ।

दागै दाग चरित्रमा छ यिनको देखिन्न राम्रो छवि
सेवा तस्कर माफिया र ठगको जो गर्दछन् पैरवी
निल्छन् वैभव सम्पदा मुलुकका विध्वंस जो गर्दछन्
हम्की चामर बज्रस्वाँठ भजने हो देवता भन्दछन् ।

(छन्द : शार्दूलेविक्रीडित)

*– गुल्मी*

# आँधी हुरी

– रोहिणी रसिक



बाँकी खरानी पनि उड्न सक्छ
सम्बन्धको बन्धन टुट्न सक्छ
आँधी हुरी आउन सक्छ फेरि
हामी फुटे लान्छ सबै उखेली ।

पुर्खाहरूको पसिना र सान
पुर्खाहरूको वलिदानलान
आँधी हुरी आउन सक्छ फेरि
लाने गरी साँधकिलाउखेली ।

भत्काउनै झङ्कृत रङ्गवेदी
मेटाउनै संस्कृतिनागवेली
आँधी हुरी आउन सक्छ फेरि
हामी जुधे लान सबै उखेली ।

बेमौसमी वादल कुद्न लागे
थर्काउँदै पर्वत जुध्न लागे
आँधी हुरी आउन सक्छ फेरि
लाने गरी सुन्दर यो मझेरी ।

आफ्नोपना खास सुवास साख
जोगाउँदै चुम्न कुदौँ अकाश
आँधी हुरी आउन सक्छ फेरि
च्यात्ने गरी चेतनको उजेली ।

गन्तव्यको सुन्दर लक्ष मारी
बाटो बिराए पुगिँदैन पारि
आँधी हुरी आउन सक्छ फेरि
पक्री बढौँ हात सँगै अगाडि ।

यो फूलबारी अनि दिव्य माटो
पुछ्ने गरी प्राकृत मुस्स हाँसो
आँधी हुरी आउन सक्छ फेरि
हामी सुते लान समुद्रपारि ।

गुल्जार यी स्वर्ग समान गाउँ
देखेर आह्लादित सौम्य ठाउँ
आँधी हुरी आउन सक्छ फेरि
लैजान्छु भन्दै निमिट्यान्न पारी ।

जागा हऔँ जाग्न गरौँ प्रसार
तैनाथ हौँ छेक्न सबै प्रहार
आँधी हुरी आउन सक्छ फेरि
लैजान्छु भन्दै समता लछारी ।

(छन्द : इन्द्रबज्रा)

*– खार्पा खोटाङ*

# आमा–१



– लक्ष्मी रिजाल

आमाबाट लिएँ सबै सिरीखुरी मैले दिएँ के कति ?
आमाको बलिदान पूर्ण पसिना जम्मै लिएँ जेजति
आमाको मृदु प्रेम शाश्वत घडा सुक्दैन निस्वार्थ छ
मेरो सङ्कुच मोह पात्र छ कडा कालो तिखो स्वार्थ छ ।

मैले झैं उनले हिजो गनिदिँदा नाफा र घाटा कुरा
मायाका बिरुवा सुकेर धरती निर्जीव हुन्थ्यो पुरा
छोरा नाति पनातिनाहरू सबै कर्तव्यले कर्मले
हुर्काइन् बदलाविना पृथ्वी झैं सदभावले धर्मले ।

आमाको तन त्यो दुख्यो समयको आघातले टन्टन
आमाको मन खुम्चिएन कहिल्यै माया सधैं कञ्चन
आमा दुख्नु हुँदैन शास्त्रहरूले उल्लेख गर्छन् अनि
आमा आश्रममा पुगे किन कयौं सन्तान छौं तापनि ।

पाइन् भव्य अटालिका डलरको आनन्द के हुन्छ र ?
हाम्रा स्वप्नलताहरू हरित छन् आमा दुखी छन् तर
जम्मै वैभवले कदापि ममता सन्तानको प्रेमिल
त्यो आस्वाद दिँदै दिँदैन कहिले संवेदना स्नेहिल ।

देवी मन्दिरमा गएर शिरले श्रद्धा चढाएँ  तर
आस्थाको अनुभूति के कति गरैं आमा रुँदै छिन् घर
आमा जीवनदायिनी भगवती पूजा गरे हुन्न र ?
ढुङ्गामा अतिरञ्जना अति गरैं आमा रुवाएँ तर ।

आमाको धमिलो भयो यदि भने आकाश त्यो निर्मल
आमाको अमिलो भयो यदि भने संसार नै उज्ज्वल
हामी वंशजका सबै चमकको आभा कहाँ खुल्छ र ?
आमाको ममता मिठो छ रसिलो यो काव्यमा फुल्छ र !

(छन्द : शार्दूलविक्रीडित)

# सारथीलाई



– वासुदेव अधिकारी

युगको रथ हाँक्ने हो ! सखारै ब्युँझिने गर
यात्रारम्भ भएकै छ माटोलाई छुने गर
साँच्चिकै पढिद्यौ मर्म मनका, आँत आँतका
भविष्य अब रङ्गाऊ लेक बेँसी र फाँटका ।

हाँकिन्छ शुभ्र यो यात्रा दिशामा प्रष्टता भए
आफैँ जाकिन्छ यो यात्रा नीतिमा भ्रष्टता भए
मात्र षड्यन्त्रको ऊर्जा यात्राको शान होइन
कुराको माकुरे जालो यात्रीको मान होइन ।

सुन सङ्गीत माटोको, जनको, मन पिँधको
नभेटी अन्नको दाना गुँड भेटिन्न निँदको
यता छाम्यो यता घाउ उता छाम्यो उतैतिर
शीर दर्द निको हुन्न क्यै लेपी नाइटातिर ।

भय सन्त्रास रोप्नेछ हत्याले लुटपाटले
सूर्यारश्मि छर्न सक्दैन कालोमैलो प्रभातले
जात्रा गन्तव्य क्यै हैन नीति हो मूल इन्जिन
गर सङ्कल्पको यात्रा नफाल खेर छिन् छिन ।

इमान ज्ञान चाहिन्छ यात्रुमा ती मनग्य छन्
धैर्यता सौर्यता खोज्छौ ? ती सबै उपलब्ध छन्
रोज प्रकाशको मार्ग रोज मार्ग विकासको
न्यायको सत्यको मार्ग किचलोको निकासको ।

**नवप्रज्ञापनको आगामी पूर्णाङ्क ११२ निबन्ध विशेष पहिलो भाग हुनेछ ।**

# आश्चर्य



– **वासुदेव पाण्डेय**

जसरी जलका फोका निस्किई जलमै मिले
त्यसरी गुम्छ यो चोला गुह्य बुझ्दैन व्यक्तिले
समुद्री ज्वारभाटामा तुफानी ध्वंस झल्किने
पिँडालु पातको पानी मोतीतुल्य छ टल्किने ।

देख्नेले खतरा देखे भोग्ने ठान्छन् पवित्रता
दाँतका बीचमा जिब्रो गाँसी बस्दछ मित्रता
कुनै वस्तु भए धेरै शीघ्र हानि पुऱ्याउँछ
हावाले सल्किने दीप हुरी चल्दा निभाउँछ ।

थेग्नेभन्दा अचाक्लीले पक्कै नोक्सान गर्दछ
भाँडामा महका डुब्दा मौरी निश्चय मर्दछ
आफैँ जो खतरा हुन्छन् साथ पाए भयानक
आगोमा घिउ वा तेल थप्दा बन्छ विनाशक ।

सृष्टिले सिर्जना गर्दा राख्छ सामर्थ्य साथमा
उल्लुले दिनमा आँखा नदेखी देख्छ रातमा
मौका चिन्न नसक्नाले भन्छन् मान्छे कठैबरा
चिसो लोहा पिटे मात्रै कहाँ बन्छन् र बन्चरा ।

समस्या वा चुनौतीमा मापिने धीरता, दम
गाह्रो छ सत्यको बाटो,भेटिन्छन् बटुवा कम
जिउँदामा मिली रोप्छन् सकेसम्म सबै छुरा
मरे मानिसले गर्छन् मर्नेका गुणका कुरा ।

(छन्द : अनुष्टुप्)

– *वैतडी*

# क्यामरा

– शम्भुप्रसाद भट्टराई



म क्यामरा हुँ जुन वस्तुलाई
महत्वको लाग्दछ खिच्छु भाइ
भएर केन्द्रीकृत वस्तुमाथि
म रोज्दछु सुन्दर मात्र साथी ।

म खोज्दछु जीवन बारबार
लिएर तस्बिर सयौँ हजार
खुसी समालेर म राख्छु साथ
म बाँड्दछु जीवन हात-हात ।

सफा गरी धुन्छु, धुलाउने छु
सुधार्छु आलोक म पाउने छु
अनेकखिच्दै अनि हेर्छु अर्थ
समाल्छु केही त्यजिदिन्छु व्यर्थ ।

खिचेर नौलापलमुस्कुराई
र गर्छु आफ्नाजतिको भलाइ
म मस्तले झुम्दछु पीर छैन
खिचेर तस्बिर म भर्छु चैन ।

उदात्त यो विश्व दिने छँदैछ
सकिन्छ जे जे लिनु ता छँदैछ
खिच्ने, परख्ने मन यो छ साथ
र सम्झनाको बनिदिन्छ खात ।

खिचेर तस्बिर म मुस्कुराऊँ
अझै बढाएर अमूल्य भाउ
भुलौँ नभुल्ने गुन साथमा छ
र सृष्टि यो सुन्दर हातमा छ ।

(छन्द : उपेन्द्रबज्रा)

*– विराटनगर-१, मोरङ*

# बुहारी भित्रिएपछि



– शान्ति सापकोटा

बुहारीले कुल्चिन् धपधप भयो आँगन पनि
अहो ज्योत्स्ना हाम्रै घरतिर झरिन् मानव बनी
चली हावा हल्का शिरउपरमा आसिक दियो
उता सन्ध्या झुल्की-कन चरणको चुम्बन पियो ।

गइन् छोरी टाढा कुटुकुटु दुखाई मुटुबिच
भइन् अर्की छोरी मलहम लगाइन् मुटुबिच
रहे आँखा प्यारा नजिक नजिकै हुन्छ समता
मलाई देऊ हे ! उस नजरमा खूब ममता ।

उनी आई बोल्दा मधुर मुरलीको धुन गयो
नसोचेको कैल्यै सुमधुर अहा ! जीवन भयो
यतै ओर्लेजस्ता चमचम सितारा वरपर
बुहारीको माया पनि अब कहाँ अन्तर छ र !

मुसारिन् पालिन् ती हरपल खटी साहस दिइन्
कयौँ सन्चो उध्रे पनि जतनले त्यो पल सिइन्
बनाएको गाँठो तर पनि फुकाइन् दृढ बनी
पुकारेँ आमाको जय जय बनोस् जीवन भनी ।

बगैँचाले भन्छन् चुसचुस चिहाएर कसरी
'त्यहाँ पो फुल्दैछन् कुसुम पुतली फुर्फुर गरि'
बुबालाई आफ्नै रगतसरिका झैँ गरिदिइन्
थियो खाली पाना अगणित कलाले भरिदिइन् ।

उनी चल्दा चल्छन् जिवित जसरी वस्तु कसरी
उनी हाँस्दा हाँस्छन् कुसुम लहराले घरभरी
मलाई के भन्छ्यौ? भन भन तिमीले नव सखी
यता आओ पक्षी चिरबिर छ हाम्रो घर पनि ।

बुहारीले गर्दा हृदयतिर आनन्द जग यो
भएँ वानप्रस्थी घर झिलिमिली मन्दिर भयो
मलाई यो रम्झम् झलरमल सांसारिक न दे
जहाँ फुल्छन् सारा तर पनि नझर्ने कुसुम दे ।

(छन्द : शार्दूलविक्रीडित)

*– स्याङ्जा*

# एकीकरण



– शारदा भट्टराई

थिए टुक्रा धेरै अलग सबमा शासक थिए
तराईको चौडा समथर गरा भित्र सजिए
थिए डाँडापाखा भिर र पहरा यी वनहरू
उन्यौ माला यौटै हिमशिखरका सुन्दर तरु ।

तिमी खम्बा पृथ्वी दलिन बलका हौ मुलुकका
थियौ नेपालीका मन मुटुभरी सुन्दर छटा
थियो इच्छा तिम्रो सब मुलुक यो एक बनियोस्
प्रजा आफ्ना मोटा कुशल बढिया पार्न सकियोस् ।

जित्यौ जिल्ला किल्ला अघिपछि गरी नायक बनी
सबै रैती आफ्ना घरघर डुली साथ बटुली
दिने गर्थ्यौ पृथ्वी सबक र मिठा बात अगिका
अझै ऊर्जा हुन्थ्यो समरत बिसे साथ रहँदा ।

छँदै डाँडाकाँडा चउर वनका शान्त पवन
तिमी फर्की आऊ जल र वन यो पार्न सघन
अझै सानासाना वरपर हुँदा राज्य अधुरा
तिमी आऊ पृथ्वी मनमन बिचार्दै अगिसरा ।४।

खुडा गोली थाक्ला धनजन सबै साथ र खडा
पखेरामा कुद्ने पयर सबका हेर दरिला
हिमाली डाँडाका हिउँ र चितुवा सुन्दर धन
जितेका जिल्लामा प्रिय हुन गई पुग्दछ मन ।५।

थियो जित्ने इच्छा असर कसरी पश्चिमतिर
गयो होला भन्थ्यौ कसुर शठको मान्दिन पिर
तिमी राती देख्थ्यौ निद र सपना दिग्विजयको
भए पूरा पृथ्वी कदर जसको हुन्छ त्यसको ।

उचालेका गोडा अगि अगि सरे काम बनियो
लडे योद्धा तिम्रा बिजय पहिलो कीर्तिपुरको
ध्वजा बाजागाजा सगुन नगरा बढ्दछ अगि
खुसी नेपालीका अनुपम पिता उत्तम तिमी ।

(छन्द : शिखरिणी)

*– बिराटनगर, मोरङ*

# बाबा



– सवी मेवाहाङ

बाबा भास्कर हुन् सुरम्य भवको आलोक आभा पनि
बाबा  शीतल चन्द्र हुन् सगरको आकाश गङ्गा पनि
बाबा प्रेरक हुन् समस्त मनको छन् प्रेरणाका धनी
बाबा रक्षक हुन् सदैव घरको आशा भरोसा पनि ।

बाबा शीतल बोट हुन् सिमलको छाया छहारी दिने
बाबा सदृश रूप हुन् शिखरको सम्पूर्णता झल्किने
बाबा हुन् परिवारको प्रगतिको आधार हुन् आखिर
बाबा  निश्चित छन् तयार जहिले सन्तानका खातिर ।

बाबा सुन्दर डाँठ हुन् सुमनका काँडा र डाली उही
बाबाको भर आडमा मगन भै निर्धक्क फुल्छन् जुही
बाबा शीतल रूप हुन् पवनको हुन् सौम्य धर्ती तर
बाबा क्रुद्ध सुमेरु बन्छ पलमै सन्तानका खातिर ।

बाबा आँसु लुकाउँछन् नयनमै छोरा र छोरी हुँदा
बाबा दर्द  छुपाउँछन् हृदयमा हाँसेर हिड्छन् सदा
बाबा जानिफकार छन् भुवनमा छन् शक्तिशाली अति
बाबा हिम्मतिलो बिछट्ट बलियो सोच्छन् सबै सन्तति ।

बाबाका सपना मरे हृदयमै हुर्काउँदा सन्तति
बाबाको कुमको हिमाल नचढी कल्ले गर्यो उन्नति
बाबा सन्ततिका हरेक वयमा छाया छहारी बनी
सोच्छन् सन्ततिकै भविष्य मनमा मर्ने घडीमा पनि ।

बाबा हुन् उपमा उँचो शिखरको पर्याय चट्टानको
बाबा सुन्दर भाव हुन् हृदयको आदर्श संस्कारको
बाबा एक पवित्र नाम रबको सम्मानको लायक
बाबा सर्जक हुन् कुलीन घरको बाबा सही नायक ।

(छन्दः शार्दूलविक्रीडित)

*– प्रगतिटोल धरान, सुनसरी*

# पुग्दछौ चन्द्रमामा



– सृजना सरोवर

अहङ्कार गर्दा र कोही नगन्दा
अरू तुच्छ प्राणी म ठूलो हुँ भन्दा
स्वयंले स्वयं को हुँ भन्ने नचिन्दा
सदा दुःख सास्ती सधैँ पर्छ फन्दा ।

सखारै बिहानै उठी स्वच्छ होऊ
म दुःखी अभागी भनी लौ नरोऊ
बनाऊ दिगो योजना जिन्दगीको
गरी वन्दना सृष्टिको धन्य होऊ ।

कहाँ जन्म मेरो भएथ्यो म को हुँ
सधैँ चिन्तना होस् र कर्मण्य होऊ
कसैको नलेऊ विना अर्थ चिन्ता
नगर्नू कसैमाथि गाली र निन्दा ।

गरी साधना योगले पुष्ट होऊ
निराधारका तर्क व्यर्थै न छोऊ
स्वयं कर्ममा मग्न होऊ रमाऊ
पराधीन हो मृत्यु स्वाधीन होऊ ।

हटाएर बाधा तगारा छिचोल्दै
लिनू हौसला द्वन्द्वलाई घँचेट्तै
हतोत्साह त्यागी सदा सिर्जनामा
रमाई हिँडे पुग्दछौ चन्द्रमामा ।

*– उदयपुर*

# जागृत आस्था



– सिर्जना खनाल

जसै मेरा आँखा पर गगनमा केन्द्रित भए
त्यहाँ तारामध्ये अलि फरकको तर्फ म गएँ
त्यसैमा उब्जेका मधुरतम छाया मनुजको
बुबाजस्तो लाग्ने नजर वर बन्दै डुलिरह्यो ।

जगाएको चेष्टा अनशन बसी टक्क अडिन
रुवाजस्तो फेटा शिरउपरमा बन्छ मलिन
सके भन्थैं बाबा टिलपिल दुबै नेत्र नकसूँ
मिलेमा लैजाऊ मधुर सपना देख्न म सकूँ ।

नचाहेको भारी गहभर उतारी दिन दिन
बुबालाई खोज्ने सकस थपियो कारण किन
बुझी गाह्रो साह्रो विगततिरको जीवनपथ
सबै पीडा बुझ्ने गगन छ सँगै शान्त अटल ।

सगैं हाँस्ने खेल्ने हृदय पनि साट्दै दिनकर
सँगै ताते गर्दै अघि अघि  हुने छैन त भर
छुट्यो औंला त्यस्तो निमिषभर बाधा हटिदिने
विधाताले हर्दा चपलपनको भाग्य ठगिने ।

नयाँ आशा जाग्ने रतिभर निराशा नरहने
उदाउन्नन् इच्छा अवसर दिने भाव बहने
तिमी छैनौ बाबा हृदय दहमा मन्थन गरूँ
नझिम्क्याऊँ आँखा अवसर त्यसैमा लिन सकूँ।

(छन्द : शिखरिणी)

*– भैरहवा, रूपन्देही*

# नेपाल मेरो घर



– सोम निरौला

पूर्वी स्तम्भ किरात उत्तर दिशा शेर्पाहरूका गण
थारू दक्षिणमा र पश्चिम दिशा छेत्री तथा ब्राह्मण
माटामा इतिहास हुन्छ रजका हुन्छन् जहाँ अक्षर
सेना तीन करोड छन् सडकमा नेपाल मेरो घर ।

जो हार्दैन र हार शब्द जसले बुझ्दैन राम्रोसँग
जो मार्दैन र मार शब्द जसले बुझ्दैन राम्रोसँग
जो हेप्दैन र हेपिँदैन रणमा रोएन जो बर्बर
नेपालीपन हो घमण्ड छ ममा नेपाल मेरो घर ।

चौँरी चर्दछ खर्कमा चउरमा नाच्छन् जुरेली चरी
आँखामा करुणा असीम ममता पाइन्छ छातीभरि
सेलो बालुन धाननाच सुरिला भाका असारे हर
भाषा वाङ्मयको धनी मुलुक यो नेपाल मेरो घर ।

ज्ञानी बुद्ध बनेर जीवन खुसी सद्भाव घोकाउँछ
वैदेही भृकुटी बनेर जगमा संस्कार सम्झाउँछ
जन्माई बलबाहु विश्वभरि नै बाँड्यो कला सुन्दर
छाती फुल्दछ गर्वले किनकि हो नेपाल मेरो घर ।

आँखा चन्द्र र सूर्य छन् र शिरमा सर्वोच्च कैलास छ
आमाको प्रिय काखमा छु न कुनै पीडा न सन्त्रास छ
आफैँमा छ महत्वको मुलुकको माटो धुलो पत्थर
केही गर्व छ भूमिपुत्र परियो नेपाल मेरो घर ।

*– इलाम न.पा-९, इलाम*

# जन्तै नजा जन्तरे



– हीरा भट्ट 'बदमास नम्बर दुई'

हेर् हेर् हेर् न उता चुनाव घरमा घोर्लेखसी बाँधियो
जन्तीझैँ दलका सयौँ जुलुसको निम्तो कसैले दियो
रक्सी जर्किनमा छ जाँड जगमा भान्से नि देखा परे
जग्गेमा जप गर्दछन् असुरले जन्तै नजा जन्तरे ।

उस्तै छन् दुलहा उही छ दुलही के पो रहन्थ्यो कमी
उस्तै गान बजान छन् बिगुल छन् उस्तै अगौतो लमी
चालै पाइनँ पञ्चगव्य रङको के वस्तु पो मन्तरे
जग्गेमा जप गर्दछन् असुरले जन्तै नजा जन्तरे ।

छन् सङ्केत ठुलै अमङ्गल हुने छिन् मौन मैना चरी
गर्दैछन् चिल बाज आज नभमा सल्लाह नाना थरी
दिन्छन् शीतलता अरे छल गरे किन्छन् सलाई हरे
जग्गेमा जप गर्दछन् असुरले जन्तै नजा जन्तरे ।

खुर्पानी फल चाख्न खोज्छ मुखले रोपिन्छ रिठ्ठो तर
खोज्नै पर्छ किसानको हक भनी जुट्छन् मुसा बाँदर
हाँस्दै जान्छु भनी अटेर नगरेस् पक्कै तँ रोलास् भरे
जग्गेमा जप गर्दछन् असुरले जन्तै नजा जन्तरे ।

छाएझैँ किन लाग्छ अन्तु अपिमा सैपालमा मौनता
छाया खप्तडमा तरङ्ग मुटुमा ॐकाव्यमा शारदा
बाँडेको गुलियो प्रसाद विष हो खाँदै नखा जन्तरे
जग्गेमा जप गर्दछन् असुरले जन्तै नजा जन्तरे ।

(छन्द : शार्दूलविक्रीडित)

*– पञ्चेश्वर-६,बैतडी*

# सच्चा नबनौं किन ?



– हेमराज अधिकारी

यी आफ्नै पहरा हिमाल छहरा बाटा र बस्तीभरि
नाचूँ भन्छु विशाल फाँटहरुमा निर्धक्क माटाभरि
यौटा गीत सुनाऊँ भन्छु रसिलो धोई पखाली मन
ठोक्, ठोक् ठोक् पर भन्छ नायक कुनै औंलो ठड्याइकन ।

फक्रिन्नन् हिमपद्य आज कसले भाँच्यो नि हाँगाहरु
तप्किन्नन् किन शीतविन्दु कसले रोक्यो नि बाटाहरु
बोल्दैनन् किन चिर्रचिर्र वनका पन्छी हजारौं अरु
भ्mोसी अग्नि स्वयम् कहाँ र कसरी बस्छौ नि मान्छेहरु ?

हु..हु...हु कति रुन्छ स्याल दिउँसै क्यै हुन्छ क्यै हुन्छ भ्mैं
पैह्रो जान्छ कतै उँभो गगनमा देखिन्छ कालो सधैं
मान्छे छन् घरभित्र बोल्न नहुने ढोका सबै बन्द छन्
बाटामा पनि हिँड्न हुन्न भन यो कस्तो प्रजातन्त्र भ्mन् ।

आफ्नै यो घरभित्र बस्न नहुने आफै हुँदा मालिक
ज्यूँदाको भर छैन शासन यहाँ गर्छन् सधैँ शालिक
मान्छे होइन दास डस्छ उसले ज्यादै भए निर्धन
बाटो होइन मुक्तिको फगत ए आक्रोशको गर्जन ।

(छन्द : शार्दूलविक्रीडित)




## बजारमा नयाँ कृति

● प्रतीक्षा रिजाल, संयोजक



### पर्यायवरणीय चेतना र नेपाली साहित्यः





अम्बिका अर्याल प्राध्यापन तथा लेखन कर्ममा सक्रिय स्रष्टा हुन् । **पर्यायवरणीय चेतना र नेपाली साहित्य** उनै अर्यालद्वारा लिखित तथा अनुसन्धान विमर्शद्वारा प्रकाशित समालोचना हो । यस कृतिले नेपाली साहित्यमा पर्यावरणीय चेतनाको स्तर के कति छ मापन गरेको छ। पाँच परिच्छेदमा बाँडिएको कृतिको पहिलो परिच्छेदमा पर्यावरण सिद्धान्त, दोस्रो परिच्छेदमा नेपाली आख्यानमा पर्यावरणीय चेतना, तेस्रो परिच्छेदमा नेपाली काव्यमा पर्यावरणीय चेतना, चौथो परिच्छेदमा नेपाली आख्यानेतर गद्य साहित्यमा पर्यावरणीय चेतना र पाचौँ परिच्छेदमा निष्कर्ष र मूल्याङ्कन शीर्षकहरू छन् । यति राम्रो कृतिका लागि लेखक तथा प्रकाशक दुवैलाई हार्दिक बधाई ।

### आधुनिक नेपाली कथामा मिथकः




बद्रीप्रसाद ढकाल लेखन, सम्पादन र प्रकाशन क्षेत्रमा सक्रिय स्रष्टाको नाम हो । आधुनिक नेपाली कथामा मिथक उनै ढकालद्वारा लिखित तथा अनुसन्धान विमर्शद्वारा प्रकाशित कृति हो । नेपाली साहित्यमा यस किसिमका कृतिहरू न्यून सङ्ख्यामा छन् । चार खण्डमा विभाजित यस पुस्तकको खण्ड एकमा आधुनिक कथाको सैद्धान्तिक स्वरूप, खण्ड दुईमा मिथक सिद्धान्त, खण्ड तीनमा आधुनिक नेपाली साहित्यमा मिथक कथा तथा चारमा उपसंहार जस्ता शीर्षकहरू छन् । यस कृतिको प्रकाशनले नेपाली साहित्यलाई समृद्ध बनाउन सहयोग पुग्ने कुरामा कुनै शङ्का छैन । यति राम्रो कृतिका लागि लेखक तथा प्रकाशक दुवैलाई हार्दिक बधाई ।

## भिखु र बल्छी :




प्रस्तुत कृति हेरिटेज प्रकाशनद्वारा प्रकाशित साहित्यकार नवराज रिजालको पछिल्लो बालसाहित्यिक कृति हो । यसमा उनले विभिन्न समयमा लेखेका आठ थान बालकथा समेटिएका छन् । बाल साहित्यका एक दर्जन कृतिहरू प्रकाशित गराइसकेका रिजालको बालसाहित्यको यो तेह्रौँ कृति हो । बालसाहित्यको प्रकृति आदेशात्मक र उपदेशात्मक हुन नहुने मान्यता राख्ने रिजालका कथाहरू बालबालिकामा आशा, भरोसा र आत्मविश्वास जगाउने तथा स्व-स्वाभिमान जगाउँदै देशको गौरवगाथा र पितापुर्खाप्रति सम्मानको भाव जगाउने किसिमका हुन्छन् । यति राम्रो कृतिका लागि लेखक तथा प्रकाशक दुवैलाई हार्दिक बधाई ।


## मलाई पनि निद्रा लागेन :

मातृका पोखरेल नेपाली साहित्यमा सक्रिय स्रष्टाको नाम हो । उनको सक्रियता कथा र कविता दुवैतिर उत्तिकै छ । यसअघि नै कविताका चार र कथाका दुई कृतिहरू प्रकाशित गराइसकेका पोखरेलको यो कथातर्फको तेस्रो र समग्रमा सातौँ कृति हो । बेला प्रकाशनद्वारा प्रकाशित यस कृतिभित्र पन्ध्र थान कथाहरू समेटिएका छन् । जीवन हेर्ने मानिसका आआफ्ना आँखा हुन्छन् । एउटै घटनालाई पनि फरक फरक आँखाले हेर्दा फरक फरक दृश्य देखिन सक्छ ।




देखाइबाट नै अनुभूति र संवेदना प्रकट हुने गर्छन् । पोखरेलको कलम जीवनभित्र जीवन खोज्न अत्यन्तै सक्रिय देखिन्छ । यति राम्रो कृतिका लागि लेखक प्रकाशक दुवैलाई हार्दिक बधाई ।

## उ पनि त मान्छे हो




डा. तुलसी भट्टराई नेपाली साहित्यका विशिष्ट साधक हुन् । सेर्गेम प्रकाशन दमकद्वारा प्रकाशित 'उ पनि त मान्छे हो' डा. भट्टराईको औपन्यासिक कृति हो । २०३६ तिर लेखिएर २०४० मा प्रथम पटक प्रकाशित यो कृति ४० वर्षपछि अर्थात् २०८२ पौषमा दोस्रो संस्करणका रूपमा बजारमा आएको छ । २०४० सालमा प्रकाशित भएर बजारमा अप्राप्य रहेको सामग्रीलाई पुन : प्रकाशन गरेर पाठकका हातहातसम्म पुऱ्याउने कामप्रति आभारी हुनै पर्छ । ११८ पृष्ठको यस उपन्यासले हिजोको समयलाई आजको समयसँग जोड्ने काम गरेको छ । यति राम्रो कृति बजारमा आउने बन्दोबस्त गर्नु भएकामा लेखक तथा प्रकाशक दुवैलाई हार्दिक बधाई ।

## साहित्यमा संस्कृति




बद्रीप्रसाद ढकाल वर्तमानमा नेपाली साहित्यका अत्यन्तै सक्रिय सर्जक हुन् । झन्डै तीन दर्जन कृतिका सर्जका ढकालका पौने दुई दर्जन कृतिहरू त समालोचनाका मात्र छन् । 'साहित्यमा संस्कृति' उनको पछिल्लो कृति हो । यो कृतिमा साहित्य, संस्कृति परिचय, साहित्यमा संस्कृति, साहित्यमा वर्ग संस्कृति/वर्गीय संस्कृति, साहित्यमा भाषिक संस्कृति, साहित्यमा धार्मिक संस्कृति, साहित्यमा लोक वा परम्परित संस्कृति, साहित्यमा राजनैतिक संस्कृति र उपसंहार गरी नौ उपशीर्षकहरू छन् । संस्कृतिको अध्ययन यति गहनताका साथ गरिएको सम्भवतः यो पहिलो पुस्तक हुनुपर्छ । यति राम्रो कृतिका लागि लेखक र प्रकाशक दुवैलाई हार्दिक बधाई ।

## सृष्टि विवेचन




'सृष्टि विवेचन 'नवराज रिजालद्वारा लेखिएको र तन्नेरी प्रकाशनद्वारा प्रकाशित भएको समालोचना कृति हो । यस कृतिभित्र सत्ताइस् समालोचना समेटिएका छन् । सत्ताइस् मध्ये बीस समालोचना व्यक्ति केन्द्रित र सात समालोचना सैद्धान्तिक वा क्षेत्र केन्द्रित छन् । विशेष गरी आख्यान र बालसाहित्यमा सक्रिय रिजालको समालोचनाको यो तेस्रो कृति हो । यसको प्रकाशनले उनको साहित्यिक कर्मको क्षेत्र बिस्तारै फराकिलो हुँदै गएको प्रतीत हुन्छ । समालोचना क्षेत्रमा आगामी दिनमा रिजालको कलम अझ सक्रिय बन्ने कुरामा आशावादी हुन सकिन्छ । यति राम्रो समालोचना कृतिका लागि लेखक र प्रकाशक दुवैलाई हार्दिक बधाई ।

## निर्झर




निर्झर भानेन्द्र सम्बाहाङ्फे 'जुझारु'को नवीनतम कृति हो । यस कृतिभित्र विभिन्न भाव, विचार, चिन्तन र सोचका ३६ थान कविता छन् । यी कवितामा समयको बुलन्द आवाज छन् । जीवनका आरोह अवरोह र विश्वासका सगरमाथा छन् । हामीले भोग्नु परेका बाध्यताका पहाड पनि छन् । हामी हिजोदेखि आजसम्म सपना देखिरहेछौँ । देखाउनेहरूले देखाउन लागेको पनि सदियौँ भइसक्यो । तर ती आफ्नो विश्राम लिने पक्षमा देखिँदैनन् । हामी तिनैको पछिपछि कुद्नुमा मजा मानिर हेछौँ । 'लोभीपापी भएसम्म ठग्नेले ठगिरहन्छ' कहावत चरितार्थ हुँदै गएको छ । हामीसधैँ एउटै नियति भोग्न विवश छौँ । अन्त्यमा यति राम्रो समालोचना कृतिका लागि लेखक र प्रकाशक दुवैलाई हार्दिक बधाई ।

# अतिथि सम्पादकको कलम



● डा. रमेश शुभेच्छु

कविता पद्य विधा हो । छन्दमुक्त, शास्त्रीय लययुक्त र लोकलययुक्त सबै कविताको मूल पक्ष लय वा छन्द सामर्थ्य कविता हो । विम्बात्मक, अलङ्कृत र ध्वन्य सामर्थ्यसँगै येय सामर्थ्य नै हो कविताको पहिचान हो । गद्यकविताले लेखिरहँदा स्वतन्त्रता त देला, स्वतन्त्र पाएपछि सिर्जना गर्नेहरूको मसूह ठुलो त होला, पद्य कविता नै होइन पनि भनिएला तर छन्द वा लयचेतना, अन्तसाङ्गीतिक सामर्थ्य, गेय सामर्थ्य, अनुप्रासीय सामर्थ्य भएन भने त्यो कविता नभएर निबन्ध हुन्छ । शुद्ध गद्य बनेर क्रमशः कविताको कित्ता छोडी निबन्धका कित्तामा गएर उभिन्छ । यस सम्बन्धमा पाश्चात्य समालोचक टी.एस इलियटको एउटा समीक्षात्मक टिप्पणी स्मरणीय छ ।

कतिलाई गद्य कविता कुनै दरो गुरु कुल होला । केही निश्चित सिद्धान्त होलान् । मण्डली होला र कुनै दिन त्यसले छन्द कवितालाई लाज मर्नु हुने गरी उछित्तो काढ्ला जस्तो लागेको होला । यो भ्रम मात्र हो । वास्तवमा गद्य कविताको अस्तित्वै छैन (Vers libre does not exist) । कलाको नयाँ सिद्धान्त बन्दा चार पैसाको माललाई लाखौँको विज्ञापन गरिन्छ । नयाँ माल बेच्न खोज्नेको सिद्धान्त झुटो, अल्मलिएको, बुझाउनै नसकिने र त्यसको कुनै अस्तित्व नै नभएको पनि हुन सक्छ । गद्य कवितामा निश्चित ढाँचा हुँदैन, अनुप्रास हुँदैन र छन्द पनि हुँदैन । गद्य कवितालाई त्यसमा प्रयोग भएको भावका आधारमा मात्र मूल्याङ्कन गर्न सकिन्छ । छन्दहीनता कुनै काव्यात्मक गुण होइन । गद्य कविताको वकालत गर्नेहरूले त्यसलाई उन्मुक्तिको बाटो मानेका छन् । तर कलामा उन्मुक्तिका लागि कुनै ठाउँ हुँदैन(यो साधना र तपस्याको क्षेत्र हो) (इलियट, १९१७, दकि. १९५-२०१)

माथिको अनुवाद नेपाली भाषावैज्ञानिक एवम् साहित्याचार्य माधव पोखरेलले गरेका हुन् । यसलाई लिएर उनले आधुनिक कवितामा छन्दको महत्त्व शीर्षकमा लामो लेख प्रस्तुत गरेका छन् (sahityasagar.net) । नेपाली साहित्यमा आधुनिक कालका केही कविहरू शास्त्रीय र गीतिलयको अभ्यास नगरी गद्य कविताकै साधनाका बलमा, पद प्रतिष्ठा र समीक्षकका स्वीकृतिले स्थापित भएको देख्दा धेरै पाठक र समीक्षक भ्रममा परेको ठहर पोखरेलको छ । यो पक्ष नेपालका खास खास संस्थाको नेतृत्व, पाठ्यक्रम निर्माणमा पहुँच, खास खास पत्रिकाका सम्पादकीय जिम्मेदारी आदिले खडा नगरेको पनि होइन । नेपाली साहित्यका विद्यार्थी र पाठकहरूलाई टी.एस. इलियट, एज्रा

पाउन्ड, एलेन टेट, इभोर विन्टर्स, क्लिन्थ ब्रुक्स, केनेथ बर्क र टी.ई. ह्युम जस्ता कविहरू पनि गद्य कविता मात्रै लेख्थे होलान् भन्ने भ्रम रहेको र त्यो सत्य नरहेको निष्कर्ष निकालेका छन् । उनको समालोचकीय दृष्टिले वास्तवमै कविता साधनाको विषय हो र लयात्मक श्रव्य साहित्य हो भन्ने दृष्टिले पनि कवितामा लय अनिवार्य छ ।

नेपाली भाषालाई संस्कृत भाषाबाट विकसित कि स्वतन्त्र आर्यभाषा भन्ने मत छन् । संस्कृत भाषाबाट विकसित प्रायः भाषामा शास्त्रीय कवितासापेक्ष लयात्मक सिर्जन सामर्थ्य कुनै न कुनै रुपमा रहेकै छ । बढी नेपाली भाषामा जीवन्त रहेको छ । जीवन्त राख्न नसक्ने भाषाले कविताका काव्य र महाकाव्य जस्ता विधा मार्दै आफू रुग्ण हुँदै गएका छन् । लोकसिलोक, लोककाव्य र गाथादेखि आधुनिक सिर्जन परम्परासम्म काहीँ न काहीँ लय एवम् गेय समार्थ्य जीवन्त रहेको छ । नेपालीकविहरूले अभियान, निरन्तर साधना, प्रबन्धात्मक विधाहरू काव्य, लघुकाव्य, नव्यकाव्य, लामो कविता र महाकाव्य लेखेर काव्य संस्कृतिका रुपमा, साहित्यको एउटा आदर्शका रूपमा बचाइराखेका छन् । बहुआयामबाट जीवन्त बनिरहेको छन्दढाँचाका कवितालाई राखेर छन्द विशेष अङ्कका रुपमा प्रकाशन गरेर नवप्रज्ञापनले यसको महत्त्व अझ उजागर गर्ने प्रयत्न गरेको छ ।

प्रस्तुत अङ्कमा अटाउन सकिएका कविले वसन्ततिलका, इन्द्रबज्रा, उपेन्द्रवज्रा, उपजाति, अनुष्टुप, मन्दाक्रान्ता, शार्दुलविक्रीडित, पञ्चाचामर, भुजङ्गप्रयात जस्ता प्रचलित छन्दसँगै मदिरा, दुर्मिला, पादाकुलक,प्रभद्रक जस्ता छन्दमा पनि सिर्जन सामर्थ्य प्रस्तुत गरेका छन् । सीमित सङ्ख्यामा प्रतिनिधित्व गराउन जुनसुकै विषयको पनि कठिन कार्य हुने यथार्थका बिच यस अङ्कमा वर्तमान समयका सक्रिय प्रतिनिधि र समसामयिक कविहरू समेटिनु भएको छ । नेपाली कविता परम्परामा छन्दमा पर्याप्त अभ्यास भइरहेको देखाउँछ । छन्दकविता कविताको अनुशासन र पहिचान पनि हुँदा जति अभ्यास हुन सक्यो त्यति सम्बन्धित भाषाको कविताको विकास भएका अनेक उदारहण विश्वसाहित्यमा देखिन्छ । कवितालाई निबन्धात्मक, रूपकात्मक एवम् गद्यविधा उपविधाबाट पृथक देखाउन र कुरा मात्र हो भन्ने पक्षबाट मुक्त बनाउन उच्च लयसामर्थ्यको खाँचो पर्दछ । लयमा रचिनु कविताको शास्त्रीय मूल्य हो । शास्त्रीय मूल्य बुझेपछि प्रयोग स्वयम् हुन सक्छ । शास्त्रीय सङ्गीतको साधना र बोधबाट आधुनिक उत्तरआधुनिक सङ्गीत साधना गर्न सकिए जस्तै शास्त्रीय कविताको उच्च साधनाबाट आधुनिक शैलीका कविता सिर्जना गर्न पनि कविको कलम सक्षम हुन्छ । त्यसो नभए कविता लेखिइरहन्छन् तर साधनानपाएर त्यसै टाक्सिइरहन्छन् । अन्त्यमा नवप्रज्ञापन परिवार र कविता उपलब्ध गराउने कविहरूप्रति आभार व्यक्त गर्दै आगामी अङ्कहरूमा पुनः भेट्ने बाचासहित अहिलेलाई विदा चाहन्छु, हवस् त सबै सबैलाई नमस्कार ।

# जीतपुर–सिमरा उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, जीतपुर, बारा

# नगरवासी महानुभावहरूमा अनुरोध

- हाम्रो जीतपुर-सिमरा र राम्रो जीतपुर-सिमराका लागि आफूले सकेको योगदान गरौँ
- तपाईँ हामी बस्ने सफा सुग्घर र शान्त हाम्रो उपमहानगर, राम्रो उपमहानगर
- हामीले हाम्रो उपमहानगर राम्रो बनाउन सके मात्र हामी राम्रो हुनसक्छौँ
- भान्छाबाट निस्कने कुहिने खालका वस्तुहरू घरको एउटा कुनामा खाल्डो खनेर राखौं । नकुहिने वस्तुहरू मात्र फोहोरको रूपमा घरभित्रै संकलन गर्ने बानी बसालौं ।
- सडक र नालीमा थुप्रिएको फोहोरबाट दुर्गन्ध फैलिएकोले जहाँ तहीँ फोहोर नफालौं । आफ्नो घर अगाडिको नाला आफैले सफा गरौं ।
- बाटो, नाला, चोक, गल्ली जताततै फोहोर हुँदा घरको सुन्दरता, पानीको निकास र घुमफिर गर्ने ठाउँसमेत दुर्गन्धित हुने हुनाले सरसफाईमा सचेतता अपनाऔं । सभ्य बनौं । सभ्यताको परिचय दिऔं ।
- सरल र सर्वसुलभ रूपमा उपलब्ध हुने सिमेन्टका बोरा प्रयोगमा ल्याएर फोहोर सङ्कलन गर्ने वस्तुको उपयोग गरी बिना लगानी सरसफाईको व्यवस्थापन गरौं ।
- बजारबाट सामान ल्याएका प्लास्टिकका झोला घरभित्रै संकलन गरी राख्ने बानी बसाली केही दिनपछि त्यस्ता संकलित झोला पसलमा नै फिर्ता गर्ने बानी बसालौं । अन्य प्लास्टिकजन्य वस्तुहरू (चाउचाउको खोल, प्याकिङ आदि) घर कम्पाण्डभित्रै बोरामा संकलन गरी नगरपालिकाबाट आएको फोहोर संकलन कर्तालाई दिने बानी बसालौं ।
- वनको संरक्षण गरौं । खाली पर्ति जमीनमा वृक्षा । रोपण गरौं । वनसँग जीवनको सम्बन्ध भएकाले जीवन बाँच्ने आधार खोजौं । प्राकृतिक जडिबुटीहरूको संरक्षण गरौं । जथाभावी रूपमा रूख नकाटौं । मानिस र वनको एकआपसमा सम्बन्ध हुने भएकाले यसलाई आफ्नो जीवनजत्तिकै माया गरौं । आफू मात्र बाँच्ने हैन सन्ततीलाई पनि बाँच्ने आधार दिउँ ।
- हरेक चाडपर्व एवम् सांस्कृतिक परम्पराहरू देशका राष्ट्रिय पहिचान हुन् । यस्ता कुराहरूको अन्त्य हुनु भनेको राष्ट्रिय पहिचान गुम्नु हो । राष्ट्रिय पहिचानको जगेर्नाका लागि पनि चाडपर्व एवं सांस्कृतिक परम्पराको प्रवर्द्धन र सम्बर्द्धन गर्नु हाम्रो नैतिक दायित्व हो ।
- देशमा शान्ति, सुव्यवस्था र विकास सबै नेपालीहरूको चाहना हो । यसप्रति प्रतिबद्ध हुनु नेपालीहरूको कर्तव्य हो ।
- सार्वजनिक स्थल, धार्मिक स्थल तथा मन्दिर पोखरी, पर्यटकस्थलको सरसफाइका लागि सामूहिक रूपले हप्तामा एक दिन स्वयंसेवकको रूपमा सरसफाइमा समय दिऔं । यी सामूहिक धरोहर हामी सबैको हो । यसको मर्यादा हामी आफैले सामूहिक रूपले गरौं ।
- यसरी घरबाट निस्कने ८० प्रतिशत फोहोर घरभित्रै व्यवस्थापन हुने हुँदा कुचिकार, ट्याक्टर, डम्पिङ साइटको बचत, इन्धन खर्चमा बचत भई बचत भएको रकम विकास निर्माणमा लगाई नगरको विकासमा टेवा दिऔँ ।

# सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं ।

सामाजिक सञ्जालमा:

- जातीय, धार्मिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा र आत्मसम्मानमा ठेस पुऱ्याउने,
- जातीय भेदभाव, छुवाछुत र श्रमप्रति अवहेलना हुने,
- शान्ति सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानूनले रोक लगाएका सामग्रीहरुको प्रकाशन वा प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने,

जस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, ह्यास ट्याग गर्नु हुँदैन ।

यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन् ।

नेपाल सरकार

## विज्ञापन बोर्ड

# रिलायन्स सुगर एण्ड केमिकल इण्डष्ट्रिज
**कलैया उपमहानगरपालिका–२४, श्रीपुरको**

## किसान वर्गमा हार्दिक अपिल

- उखु नगदे बाली हो, चिनी मिलमा बेचेपछि नगद आउँछ ।
- उखुखेती गरेर बढीभन्दा बढी आयआर्जन गर्न सकिन्छ ।
- उखु खेती अन्य कृषिकर्म जस्तो झञ्झटिलो र अप्ठेरो हुँदैन ।
- उखु खेती गर्न अन्य बाली लगाउनभन्दा सहज र सरल हुन्छ ।
- जेटिएसँग सहकार्य गरी उन्नत जातका बिउ रोपेर आम्दानी बढाऔँ ।
- मिलको सम्पर्कमा रहेर उत्पन्न समस्या समाधान गर्न सकिन्छ ।
- उचाखेतमा colk 14201 र C0 0118 जातको बिउ राम्रो हुन्छ ।
- खालखेतमा cop 9301 र colk 94184 जातको बिउ राम्रो हुन्छ ।
- मिल प्रशासन कृषि प्राविधिकले सिफारिस गरे भन्दा अन्य जातका उखु खरिद गर्न बाध्य हुने छैन ।
- कुनै अप्ठेरो वा समस्या भएमा चिनी मिलसँग सम्पर्क गरेर समाधान गर्न सकिन्छ ।

बा.जि.प्र.का.द.नं. ५/२०५२

